# अध्याय-१

## १. परिचय (Introduction)

सुनौला हिमालहरु अनि पहाडका हरिया डाँडाकाँडा साथै तराईका समथर मैदान अनि त्यसमाथि सलसल बगेका स्वच्छ नदीनालाहरु भएको प्राकृतिक मनोरम देश नेपाल विश्वकै एक चर्चित तथा प्रख्यात देशको रुपमा चिनिन्छ । नेपाल एक साँस्कृतिक विविधताले भरिएको राष्ट्र हो यो विभिन्न जातजाती, धर्म, संस्कृति, बोलिभाषा भएका नेपालीहरुको साझा घर हो । यहाँ पाईने सांस्कृति परम्परा, चालचलन, रितिरिवाज, बोलिभाषा एवं भेषभुषाहरुको विभिन्नता नै नेपालीहरुको आफ्नै पन हो । आफ्नै मौलिक विशेषता एवं पहिचान हो । यहि विविधता नै वास्तवमा राष्ट्रको सांस्कृतिक धरोहर हो । संस्कृति र परम्परा प्रेमी नेपालीका अमूल्य विधि पनि समग्रमा यो नेपाल र नेपालीको आफ्नो पहिचान र गौरवको विषय हो । तर विडम्बना नेपाली जातीको जातीय विविधता नेपाल र नेपाली मात्रको पहिचान र गौरवको विषय भन्दा पनि सामाजिक विभेदीकरणको सुत्रधार बन्यो । मानिस-मानिस वीचमै जन्मजात माथिल्लो वर्ग, तल्लो वर्ग उँच-नींच छन् र अछुत, पानी चल्ने र नचल्ने जस्ता सामाजिक बारबन्देजको सुरुवात भयो । यस्ता सामाजिक प्रथाले कुप्रथाको रुपमा अमानवियताको प्रकाष्ठा नाघ्यो । फलस्वरुप एक्काइसौ शताब्दीको प्रजातान्त्रिक युगमा पनि मानव-मानव वीच विभेदको प्रखाल उभिएकै पाईन्छ । जसले गर्दा राज्यद्वारा बृहत सुविधा एवं सेवामा समेत क्षमता र औकातको आधारमा नभई जातीयता र वर्गीयताको आधारमा पहुँच हुने गरेको तितो यथार्थ सबको सामु छर्लङ्ग छ ।

राष्ट्रिय जनगणना वि.सं. २०५८ अनुसार दलित, उपेक्षित, उत्पिडित जातीको रुपमा चिनिने दमाई, कामी, सार्की, मूसहरु, डोम, दसाद, राउटे, झाँगड, सुनार, धिमाल आदि जातीका मानिसहरुको संख्या १३.१८ प्रतिशत रहेको छ । यसरी देशको कूल जनसंख्याको १३.१८ प्रतिशत भाग ओगटेका श्रमजीवि दलित जातीहरुको अवस्था सुदृढ नगरी देशको स्थिति उकास्न नसकिने त्यसलाई सदुपयोग गरी वर्तमान समयमा अन्तराष्ट्रिय एवं राष्ट्रिय तहबाट विभिन्न प्रयासहरु भइरहेको परिप्रेक्ष्यमा लगानी अनुरुप प्रतिफल प्राप्त भएको देखिदैन । यसरी इतिहासको विगत २००० वर्ष देखि जन्मजात दोस्रो दर्जाको नागरिकको हैसियत प्राप्त गरेका समुदायको समग्र स्थिति समृद्ध नहुनाको कारण शैक्षिक

चेतनाको अभाव हो । शिक्षाको विकासद्वारा समग्र नेपाली समाजलाई रुपान्तरीत गर्दै राष्ट्र विकासको मूल प्रवाहमा समाहित गर्न नसक्नु नै हो ।

यस्तो विद्यमान परिवेशमा त्रिभूवन विश्वविद्यालय मानविकी संकार्य अन्तर्गत समाजशास्त्र तथा मानवशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि प्रस्तुत शोधपत्रमा यिनै पिछडियका दमाई (दलित) जातीको शैक्षिक अवस्थाको अध्ययन गर्न दैलेख जिल्ला जगनाथ गा.वि.स. मा वसोवास गर्ने दमाई जातीको शिक्षामा पहुंच एक समाजशास्त्रीय अध्ययन नामक शोधपत्र मार्फत प्रयास गरिएको छ ।

## १.१ अध्ययनको पृष्ठभूमी (Background of the study)

शिक्षा मानव विकासको महत्वपूर्ण आधार हो । यो संसारलाई नै हेर्ने, बुझ्ने र बदल्ने चेतनाको सशक्त माध्याम हो । तसर्थ हरेक व्यक्तिको मानवअधिकारको विषय हो । शिक्षा जुन तथ्य संयुक्त राष्ट्रसंघद्वारा पारित वडापत्रमा समेत उल्लेख भइसकेको झण्डै ६ दशक वितिसकेको छ । विश्वका विभिन्न देशहरुले आधारभूत शिक्षा सम्पूर्ण नागरिकको पहुँच सम्म कसरी र कहिले सम्म पुऱ्याउन सकिन्छ, भन्ने विषयमा विश्वमा दुईवटा शिखर सम्मेलन समेत सम्पन्न भईसकेका छन् । सन् १९९० को थाइल्याण्डको जोमटिन र सन् २००० को सेनेगलको डकार सम्मेलन । यो सम्मेलनले विश्वको हरेक राष्ट्रले सन् २०१५ सम्ममा अनिवार्य निःशुल्क प्रथामिक शिक्षा हरेक नागरिकको पहुँच पुऱ्याउने अन्तर्राष्ट्रिय स्तरमा प्रतिवद्धता जाहेर गरिसकेको छ ।

यसरी अन्तर्राष्ट्रिय वचनबद्धता अनुरुप राष्ट्रले शिक्षामा गरेको लगानीको सार्थक प्रतिफलको लेखाजोखा गर्ने बेला हो यो । देशका पिछडिएका वर्ग र जनजातीको पहुँचमा प्राथामिक शिक्षा छ - छैन ? कति प्रतिशत नागरिकहरु आधारभूत मानवअधिकारको विषयबाट बन्चित छन् ? बन्चित हुनाको कारण के-के हुन सक्छन् ? यी शोधखोजका विषय हुन् । जव शैक्षिक अवसर र समानताको कुरा आउँछ तव पिछडिएको वर्गको विशेषण सहित दलित जातीका कुराहरु अघि सर्दछन् । यसरी किन एउटै राष्ट्रका नागरिकहरुमा पनि विभेद गरिन्छ ? देशमा विद्यमान संविधान र नियम कानुनले भेदभाव गरिएको छैन भनी भनिन्छ । आरक्षणका कुराहरु पनि उनीहरुकै नाममा गराइएका छन् । तर यथार्थतालाई नियाल्ने हो भने विद्यमान परिवेश निकै कहाली लाग्दो छ । किन र कहिले देखि बन्यो यो पिछडिएको वर्ग दलित जाती र विशेष गरी जातीगत विभाजनको रेखा ? हरेक वर्षको राष्ट्रिय बजेट,

पञ्चवर्षिय योजना, राज्यका नीतिनियमहरु तर्जुमाको प्रक्रियामा अग्रस्थान बनेको लोकप्रिय वाक्य हो - "पिछडिएका जाती, जनजाती र दलित जातीहरुलाई राष्ट्रिय मूलधारमा ल्याई उनीहरुको जीवनस्तर उकास्ने कुरा" । यद्यपि अझै पनि उपेक्षित, उत्पीडित, दलित, पिछडिएका जनजाती र महिलाहरुलाई प्राथमिकता दिई साक्षर हुन बाँकी ४६ प्रतिशत निरक्षणहरुलाई साक्षर बनाउनु पर्ने चुनौति हाम्रो सामु रहेको छ । (अधिकारी २०६०)

एक्काइसौ शताब्दीमा समेत जन्मजात मान्छे-मान्छे वीच विकसित र पिछडिएका जातीको विभाजन रेखा ? अनि समग्र मानवताकै कलङ्कके रुपमा आर्थिक र व्यापक समानता भन्दा पनि छुत र अछुतको प्रथा ? साँच्चिकै व्यापक र समानतामूलक समाजको श्रृजनामा यस्तो प्रथा निकै बाधक देखिन्छ । यसरी मानव सभ्यताको विकास संगै झाँगिएर आएको असभ्यताको वर्तमान परिवेश बुझ्न विगतलाई समेत केलायर हेर्नुपर्ने हुन्छ । तसर्थ जातीप्रथाको सुरुवातको ऐतिहासिक पक्षलाई यहाँ सार्थक रुपमा प्रस्तुत गरिएको छ ।

### १.१.१ इतिहासमा दलित

ऋग्वेदमा जातपातको उत्पति सम्बन्धी अवधारणा र वर्ण व्यवस्थाको थालनी इ.पू.१५०० को आसपास तिरबाट भएको देखिन्छ । तत्कालिन समयमा बौद्धिकजनहरुको बोलवाला चलेको पाईन्छ । बौद्धिकजनहरु जुन गोरो वर्णका हुन्थे अबौद्धिकजनहरुको (आष्ट्रिक, द्रविड, किराँत आदि) संग टक्कर र संघर्ष परिरहन्थ्यो । विस्तारै बौद्धिकजनहरु शक्तिशाली बन्दै गएकाले उनीहरु आफुलाई श्रेष्ठ (माथी) र अरुलाई हिन (अनार्थ वा म्लेच्छ) सम्झन थाले । यसरी छालाको रंग (वर्ण) को आधारमा मान्छे-मान्छे वीचको भेदभावको सुरु भएको तथ्य ऋग्वेद रचना (ई.पु.२०००-१२००) को पूर्वाद्ध कालमा भएको पाईन्छ । ऋग्वेदको दशौ खण्ड (१०/७/६०) मा आएर ईश्वरका ब्रम्हका चार अंगको रुपमा 'ब्राहमण', सैन्य, सुरक्षा, शिकार आदिको काम गर्ने 'क्षेत्रिय' खेती पशुपालन, व्यापारको काम गर्ने 'वैश्य' सेवा, कठिन श्रम र प्राविधिक काम गर्ने र 'शुद्र' का रुपमा सामाजिक श्रमका चार प्रमुख हाँगाको रुपमा फैलन थालेको कुरा पाइन्छ ।

यसरी पेशाका रुपमा सुरु भएको विभाजनको जातीय रुपमा भने मानिसलाई विभाजन गरेको थिएन । मानिसले स्वेच्छाले पेशा अंगाली आफ्नो जाती कायम गर्न सक्ने अवस्था थियो । अर्थात जातपात जन्मको आधारमा नभई कामको आधारमा छुट्टिने प्रथा तत्कालिन समयमा पाइन्छ । पछि

पुर्ख्यौली पेशा सम्हाल्न सजिलो पर्ने, एउटा खलकले एउटै पेशा अंगाल्दा त्यो काम माझिदै जाने, सीप र प्रवृतिको राम्रो विकास हुने आदि कारणले पेशाहरुले पुर्ख्यौली रुप लिदै गए । फलस्वरुप शिक्षा-दीक्षा, स्नान, सफाई जस्ता काम ब्राहमण, क्षेत्रिय र वैश्यतिर मात्र सिमीत हुदै गए र कठोर श्रम र प्राविधिक काम गर्न श्रमजीवि शुद्रहरु त्यतातिर ध्यान दिन सकेनन् । कालान्तरमा धनी -गरिवको वर्ग विभाजन तिव्र हुँदै गएपछि माथिल्लो वर्गकाहरुले श्रमजीवि वर्गका मानिसहरुलाई असचेत र अशिक्षित पारी आ-आफ्नो काममा कज्याउने मनसायले पहिले शुद्रहरुलाई र पछि नारीहरुलाई शिक्षाबाट बन्चित गराउँदै लगे ।

लडाइमा जितेर ल्याएकाहरुलाई समेत दास-दासीको रुपमा प्रयोग गर्न थालियो । उनीहरुलाई शिक्षित हुन नदिने, वेद र धर्मग्रन्थहरु सुन्न नदिने, लाटा, ग्वाँजा बनाएर काममा जोताउने र माथिल्ला जाततिर ताक्न नसक्ने बनाउँन अनेकौ धार्मिक, आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक र कानुनी व्यवस्था गरियो । फलस्वरुप उनीहरुमा मनोवैज्ञानिक रुपमा नै हिनताबोध र “हामी तल्ला जातका हौं” भन्ने भावना बढ्दै गयो (ऐ-२०५८-९) ।

यसरी उत्तरबौद्धिक काल (ई.पु.१०००) तिरबाट विस्तारै कठोर रुप लिदै गएको जातीप्रथाले ( ई.पु.८००) उपनिषद कालको थालनी तिरबाट इतिहासको कुख्यात कलंङ्कको रुपमा छुवाछुत प्रथाको रुप लिन पुग्यो (ऐ-ऐ) ।

### १.१.२ नेपालमा वर्ण व्यवस्थाको सुरुवात

नेपालमा सर्वप्रथम जातपातको सुरुवात मिथिला प्रदेशमा भएको देखिन्छ । ई.पु.१४०० तिर उत्तर पश्चिम भारतबाट आएको विदेहजन (राजा जनकको खलक) मा प्रारम्भिक खालको वर्ण व्यवस्था थियो । लिच्छिविकाल (ई.पु.२००-८७९) मा चार वर्ण अठार जातको रुपमा वर्ण व्यवस्था चलेको पाइन्छ । कर्णाली प्रदेशको खस राज्य लगायत मध्यकाल (ई.पु.८७९-१७६८) मा जातपात, छुवाछुत प्रथा पराकाष्ठामा पुग्यो । यहाँ जातपात निर्धारण गर्ने राज्यले छुट्टै पञ्जिकाधिकारीको समेत व्यवस्था गरेको पाइन्छ । (प्राचिन, ऐ.११)

कर्णाटवंशी राज्यको अन्त्य पश्चात यहाँको राजखलक लगायत पुरोहित र विभिन्न जातका मानिसहरु वागमति (काठमाडौं) उपत्यकामा आएर बस्नाले त्यो प्रथा उपत्यकामा भित्रिएको पाइन्छ । यसपछि जयस्थिति मल्लको शासनकाल (ई.पु.१३६०-१३९५) मा सामाजिक व्यवस्थामा सुधार

ल्याउनका लागि ५ जना पण्डितहरुको सहयोगले मनुस्मृतिको आधारमा वर्णाश्रम व्यवस्था मिलाएर उनले नेपाली समाजलाई ४ जात ३६ वर्णमा विभाजित गरे । ४ जातमा ब्राहमण, क्षेत्री, वैश्य र शुद्र पर्दथे । ब्राहमणहरु देवी-देवताको पूजापाठका साथै अन्य उच्च कार्य गर्ने, क्षेत्रीले राजकाज सम्बन्धी कार्य गर्ने, वैश्यले व्यापार गर्ने र शुद्रले खेतीपातीको एवं अन्य जातीको सेवा गर्ने गरी यिनीहरुको कार्य बाँडियो । माथिल्लो जातीलाई तल्लो जातीको पानी नचल्ने भयो । तल्ला जातीका मानिसहरुले माथिल्लो जातका व्यक्तिहरुलाई उचित आदर सम्मान गराउँने चलन चलाईयो ।

दाहाल (२०४६:२१६) का अनुसार न्यायिक राजा राम शाहको पालामा (सन् १६०५-१६३६) समेत न्याय प्रणाली भेदभावपूर्ण रहेको तथ्य उनको प्राणदण्ड सम्बन्धी निम्न व्यवस्थाबाट प्रष्ट हुन्छ । राजवंशका कुनै सहयोगीले ज्यान मासेमा देश निष्कासित गरिने, ब्राहमण, सन्यासी, बैरागी र भाटले ज्यान मासेमा टाउको मुडी देश निष्कासित गरिने, काजी, मन्त्री वा सरकारका अन्य पदाधिकारीहरुले ज्यान मासेमा मृत्युदण्ड दिने र खस, मगर, नेवार अन्य जातीले ज्यान मासेमा विराउनेलाई मृत्यदण्ड दिने व्यवस्था गरेका थिए । यसप्रकार न्यायिक राजा मानिने रामशाहका पालामा समेत जातीय भेदलाई झन फाटो पारेको तथ्य प्रष्ट हुन्छ ।

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको दिव्योपदेशले समेत जातीय विभाजनलाई निरन्तरता दिदै कडाईका साथ पालना गरेका तथ्य तलको उद्गारबाट स्पष्ट हुन्छ । “मेरा साना दुःखले आर्ज्याको मुलुक होइन सबै जातको फुलवारी हो, सबैलाई चेतना भया” । यो फुलवारीको छोटा वडा चारै जात छत्तिसै वर्णले यो असल हिन्दु स्थान हो । आफ्ना कूलधर्म नछोड्नु (यादव :२०५३:७१) ।

यसरी शाहकालसम्म निरन्तरता पाउँदै आएको जातीयप्रथाले जंङ्गबहादुर राणाले वि.सं. १९९० मा जारी गरेको मूलुकी ऐनले समेत रोक्न खासै प्रयास गरेन (यादव:२०५३:१९५) । वि.सं. २००७ सालको क्रान्ति पश्चात पनि दलितका विभेदी समस्याहरु ज्यूँ का त्यूँ रहे । वि.सं. २०१५ सालको संविधान र नेपाली काँग्रेसको एकमाने सरकारले पनि यसलाई अन्त्य गरेन । वि.सं. २०२० साल भाद्र १गते नयाँ मूलुकी ऐन आयो जसले छुवाछुत अन्त्य भएको घोषणा गऱ्यो । तर त्यो दण्ड विहिन अवस्थामा रह्यो । वि.सं. २०४६ सालको जनआन्दोलन पश्चात पुनर्स्थापित बहुदलिय व्यवस्थाको संविधान २०४७ ले नै सर्बप्रथम छुवाछुत गर्ने उपर दण्डको घोषणा गऱ्यो । नेपाल अधिराज्यको संविधान २०४७ अनुसार संशोधित नयाँ मूलुकी ऐनको महल १० (क) अनुसार छुवाछुतको व्यवहार गर्ने उपर १ बर्ष कैद र ३०००।- रुपियाँ जरिवाना गर्ने कुरा तोकियो । तर प्रजातन्त्रको प्राप्तिको १३

बर्ष सम्म राज्यले बनाएको यो कानुन स्पष्ट रुपमा आफैले लागु गरेको भने कतै पाईएन (नेपाली २०६०:२९) ।

यसप्रकार नेपालको इतिहासलाई हेर्दा राज्यसत्तामा बस्नेले छुवाछुतको जातीवादी व्यवस्थाको खासै विरोध गरेनन् । सत्ता हत्याउँने, चुनाव जित्ने मात्र राजनैतिक शक्तिको नारा लगाएको पाइन्छ । तर सत्ता हत्याएपछि छुवाछुतले गाँजेको, दास युगिन दासत्वमा बाँचेको दलितको स्थितिलाई माथि उठाउँन, विभेदपूर्ण समाजको संरचनालाई फेर्न खास ठोस योजना भने बनाएको पाइदैन । जसले गर्दा दलितको अवस्था दिन प्रतिदिन खस्कदै गएको हाम्रो सामू छर्लङ्ग छ ।

समग्रमा विगत देखि वर्तमान सम्म नियाल्दा जातीय विभेदले विस्तारै वर्गिय भेदको सृजना गरेको पाइन्छ । राज्यद्वारा प्रदान गरिएको सेवा तथा सुविधा उपभोगमा समेत दलितहरुको पहुँच कम देखियो । यसरी विगत देखि नै दलित अशिक्षित छन्, अपहेलित छन्, दविएका छन्, गरिवीमा बाँचेका छन् र शोषणको जालोमा छट्पटिएका छन् । अछुत भएकाले सबैकुराबाट बहिष्कृत र तिरष्कृत भएका छन् । अछुत भएका तथा नीति निर्माणको तहमा दलितको पहुँच नभएको आवाज र शक्ति विहिन भएका छन् । दलितहरुका जीवन भोगाईका विगतदेखि वर्तमान सम्मका यिनै देखिएका तिता र वास्तविकता यथार्थताहरु ।

### १.१.३ नेपालको शिक्षा आयोगका प्रतिवेदनहरुमा दलित :

समय सापेक्ष नेपालको शिक्षा पद्धतिलाई व्यवस्थित गर्न गठित विभिन्न शिक्षा योजना र आयोगहरुले दलित शिक्षा सम्बन्धमा कस्तो अवधारणा राखे ? दलित प्रतिको शैक्षिक दृष्टिकोण कस्तो रह्यो ? संक्षिप्त चर्चा गर्न सान्दर्भिक भएकोले प्रस्तुत गरिएको छ ।

- नेपाल राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०११ र सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ मा प्राथमिक शिक्षा निःशुल्क गरि विस्तारै अनिवार्य गरिनु पर्ने अवधारणा राखेतापनि पिछडिएका जाती विशेषलाई अंङ्कित गरि विशेष कार्यक्रमको सिफारिस गरेको भने पाइदैन ।
- नेपालको शिक्षा विकासमा ऐतिहासिक महत्व राख्ने राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-२०३२ बाट मात्र दलित जाती एवं पिछडिएको जातजातीको वारेमा विशेष ध्यान राखि गरिव तथा जेहेन्दार एवं पिछडिएका क्षेत्र र वर्गका विद्यार्थीहरुलाई सहयोग गर्न छात्रबृतिको व्यवस्था गर्न सिफारिस गरेको पाइन्छ ।

- शाही उच्च शिक्षा आयोगको प्रतिवेदन २०४० ले विद्यार्थी सेवा अन्तर्गत विद्यार्थी कल्याण कोष मार्फत निम्नानुसार व्यवस्था गरेको पाइन्छ । आयोगको प्रतिवेदनको बुँदा नं. १३(ग) अनुसार प्रत्येक समाजको कमजोर पक्षबाट आएका गरिव र अपाङ्ग विद्यार्थीहरुलाई प्रत्येक क्याम्पसमा छात्रवृत्ति र शुल्क माफीको सुविधा दिइनेछ, भनिएको छ ।
- उच्च स्तरीय शिक्षा आयोग २०५५ ले शिक्षाको उद्देश्य निर्धारण गर्दा संविधानका मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त र नीतिहरुलाई ध्यानमा निम्नानुसारको व्याख्या गरेको पाइन्छ । उक्त प्रतिवेदनको बुँदा नं. ५ अनुसार विपन्न वर्ग, पिछडिएका जाती, दलित समुदाय, अपाङ्गको निमित्त शिक्षाको पहुँच पुऱ्याउने कार्य नीतिमा जोड दिइने छ भन्ने कुरा उल्लेख छ ।
- विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति र कार्ययोजनाको अवधारणा पत्र २०५८ ले समेत निःशुल्क शिक्षा सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २६(१) मा Education shall be free at least in the dementory and fundamental stage भनी उल्लेख गरिए बमोजिम श्री ५ को सरकारले "Education for all" प्रति प्रतिवद्धता जारी गरिसकेको छ । जसअनुसार निःशुल्क प्राथामिक शिक्षामा जोड दिइएको छ । संस्थागत विद्यालयले ५ प्रतिशत विद्यार्थीहरुलाई एवं नीजि विद्यालयले कम्तीमा २ प्रतिशत गरिव तथा पिछडिएका समुदायका वालवालिकालाई छात्रवृत्तिको व्यवस्था गरिनेछ भनिएको छ । त्यसैगरि सामुदायिक मा.वि. एवं नि.मा.वि. का लागि १० प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा दिइने कुरा उल्लेख गरिएको छ ।

### १.१.४. नेपाल अधिराज्यको संविधान २०४७ मा दलित :

वि.सं. २०४६ सालको जनआन्दोलन पश्चात पुर्नस्थापित बहुदलिय प्रजातान्त्रिक व्यवस्था संविधान २०४७ ले जातीय उत्थानका लागि विशेष व्यवस्था गरेको पाइन्छ । जातीय उत्थान एवं संस्कृतिको संरक्षणका लागि विभिन्न भाषा, लिपि, साहित्य, कला र संस्कृतिको जगेर्ना गरि राष्ट्रिय एकता, सुदृढ बनाउने राज्यको नीति रहेको छ । संविधानको भाग ३ धारा १८ मा संस्कृति तथा शिक्षा सम्बन्धि हकको व्यवस्था गरि सोही धाराको उपधारा १ मा नेपाल अधिराज्यमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण गर्ने अधिकार हुनेछ । यसैगरि उपधारा २ मा प्रत्येक समुदायले वालवालिकालाई प्राथामिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय

संचालन गर्न पाउनेछ भनी उल्लेख गरिएको छ । त्यसैगरि भाग ४ राज्यका नीति तथा निर्देशन, सिद्धान्त अन्तर्गत धारा २६ को उपधारा २ र १० मा आर्थिक तथा सामाजिक रुपले पिछडिएका जनजाती र समुदायको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ भनी प्रत्याभूत गरिएको छ ।

### १.१.५ नेपालको अन्तरिम संविधान २०६३

वि.सं. २०६२ र २०६३ को जनआन्दोलन पश्चात पुर्नस्थापित संघिय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको स्थापना भई सोही व्यवस्था वमोजिम नेपालको अन्तरिम संविधान २०६३ ले जातीय उत्थानका लागि विशेष व्यवस्था गरेको पाइन्छ । यस संविधान अनुसार नेपाललाई एउटा धर्म निरपेक्ष राज्यको घोषणा गरियो । भाग ३ को मौलिक हक अन्तर्गत धारा १४ मा छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हकमा कुनैपनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभाव पूर्ण व्यवहार दण्डनिय हुनेछ् । पिडित व्यक्तिले कानुनद्वारा निर्धारण भए बमोजिमको क्षतिपूर्ति पाउने छ । कुनै वस्तु सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा सुविधा वा वस्तु कुनै खास जातजातीको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु तथा सेवा वा सुविधा कुनै खास जात जातीको व्यक्तिलाई मात्र विक्रि वितरण गरिने छैन । कुनै पनि व्यक्तिलाई जातजातीका आधारमा सार्वजनिक प्रयोगमा रहेको सेवा सुविधा वा उपयोगका कुराहरु प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट बञ्चित गरिने छैन ।

कुनै पनि जातजाती वा उत्पीडित जाती वा व्यक्तिहरुको समूहको उँचनिंच दर्शाउने जातजातीका आधारमा सामाजिक विभेदलाई न्यायोचित गराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमको प्रोत्साहन गर्न पाइने छैन । उपधारा २, ३ र ४ विपरितको कार्य कानून बमोजिम दण्डनीय हुनेछ । यसै संविधानको धारा १७ मा शिक्षा तथा संस्कृति सम्बन्धि हक उपधारा १ मा प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारित शिक्षा पाउने हक हुनेछ । उपधारा २ मा प्रत्येक नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम माध्यमिक तहसम्मको नि:शुल्क शिक्षा पाउने हक हुनेछ । उपधारा ३ मा नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपी, संस्कृति, संस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र समबर्द्धन गर्ने हक हुनेछ ।

### १.१.६ वर्तमान अवस्थामा दलित

वर्तमान समयमा संविधान र कानूनको दृष्टिमा सबै मानिस समान छन् र कसैमाथि भेदभाव पक्षपात हुनेछैन भनि संविधानले व्यवस्था गरेको पनि साढे तीन दशक भइसकेको छ । यति हुँदाहुँदै पनि मानिसले आफु जस्तै मानिसलाई अछुत र पानी नचल्ने सम्झेर क्रुर, असभ्य, वर्वर कुहिगछे संस्कार अझसम्म पालिरहेको छ । आज पनि स्कूल, कार्यालयहरुमा अछुत भनिनेहरुले ल्याएको पानी खानुपर्छ, सबैले धारा पधेरो, पानी छुन, खान पाउने न्यायको माग गर्नुपर्ने, सबैजातीले दुध बेच्न पाउनुपर्ने जस्ता न्याय खोज्न पर्ने दयनीय स्थिति कायमै छ ।

शिक्षालाई मानवअधिकार एवं आधारभूत आवश्यकताको रुपमा स्वीकारिएको छ । प्रजातान्त्रिकरणका लागि शिक्षामा सबै जातजाती, वर्ग र समुदायको समान सहभागीता हुनु पर्दछ भनिएको छ । नेपालको शैक्षिक तथ्याङ्कले देशको साक्षरता ५७.६ प्रतिशत देखाउँछ (अन्तर्राष्ट्रिय वार्षिक अंक २०६०) । यसरी झण्डै ६० प्रतिशत मान्छेहरु शिक्षित भैसक्दा पनि देशभरका ३४ लाख दलितहरुमाथि भेदभावको दृष्टिकोण हुनु पक्कै पनि लाजमर्दो कुरा हो । (प्रश्रित २०५८:३१) अर्को दलित जातीलाई शैक्षिक मूलधारमा ल्याउँन नेपाल सरकारले दलित छात्रवृत्ति कार्यक्रम अधिराज्यमा लागु गरिसकेको छ । हालसालै नेपाल सरकारले दलित विद्यार्थीलाई उच्च मा.वि. सम्म निःशुल्क अध्ययन गर्न पाउने नीति ल्याएको छ । मा.वि. सम्म निःशुल्क घोषणा गरिसकेको छ । यद्यपि दलित साक्षरता १५, १६ प्रतिशत मात्र रहेको तथ्य वर्तमान समयमा कम चुनौतिपूर्ण छैन (थापा २०६०:२) । उपयुक्त तथ्यबाट दलित तथा उपेक्षित समुदायको शैक्षिक स्थिति ज्यादै कमजोर रहेको पुष्टि हुन्छ ।

## १.२ समस्याको कथन (Statement of the Problem)

शिक्षालाई मानवअधिकारको रुपमा स्वीकारी सन २०१५ सम्म निःशुलक एवं अनिवार्य शिक्षा उपलब्ध गराउनु पर्ने चुनौती राष्ट्रसामु खडा छ । सोही राष्ट्रिय प्रतिवद्धता अनुरुप दलित तथा पिछडिएका वर्गसम्म शैक्षिक पहुँच पुऱ्याउन विभिन्न सहयोग कार्यक्रम संचालित छन् । यद्यपी सो पिछडिएका वर्ग एवं जातीका निम्ति शिक्षा किन पहुँचको विषय भइरहेको छैन ? किन उपेक्षित छन् दलितहरु ? खोजी गरिनुपर्ने विषय बनेको छ । दलितहरुको वर्तमान शैक्षिक अवस्था पत्ता लगाउन कति बालबालिकाहरुको लागि विद्यालयका ढोकाहरु बन्द छन् त ? कति बालबालिकाहरु शैक्षिक अवसरबाट लाभान्वित छन् ? विद्यालय प्रवेशमा के-के तत्त्व अवरोध हुन ? दलितहरु प्रति समाज,

विद्यालय परिवार एवं अन्य जातीको धारणा कस्तो छ ? दलितहरुकै शैक्षिक दृष्टिकोण के छ ? उनीहरुका शैक्षिक समस्याहरु के हुन सक्छन् ? र समाधानका लागि के गर्न सकिएला ? जस्ता प्रश्नहरुको कसीमा रही मध्यपश्चिमाञ्चलको पिछडिएको जिल्लाहरु मध्येको दैलेख जिल्ला अन्तरगत जगनाथ गाविस लाई अनुसन्धानको केन्द्रविन्दु बनाइएको छ ।

दैलेख जिल्लाको कुल साक्षरता ४७.४ प्रतिशत रहेको छ । जसमध्ये पुरुष ६४ प्रतिशत र महिला ३१.८ प्रतिशत साक्षर रहेका छन् (जि.शि.का. दैलेख २०५८) । यस जिल्लाको कूल जनसंख्या २,२५,२०१ मध्ये दलित जातीको संख्या ५८,०७४ रहेको छ भने यसमा दमाई जातीको जनसंख्या ९,९९९ रहेको छ । यसरी जिल्लाको कूल जनसंख्याको २५.७८ प्रतिशत ओगट्ने दलित मध्ये दमाई जातीको कूल जनसंख्या ४.४५ प्रतिशत रहेको छ । यस जातीको अवस्था मध्यकालिन इतिहासको अवस्था जस्तो पाइन्छ । छोइ छिटो बार्नुपर्ने चलन अझै जस्ताको त्यस्तै छ । गरिबीको कारण अन्य जातीको बालीघरे काम गर्नुपर्ने बाध्यता छ । हाल भारतका विभिन्न ठाउँहरुमा गएर काम गर्ने हिउँदका दिनहरु बर्ष भरिको कमाईको स्रोत बनेको पाइन्छ ।

वर्तमान यिनपृष्ठभूमिमा दैलेख जिल्लाका दमाई समुदायको शैक्षिक स्थिति पहिचान गर्न खास गरी दमाई बालबालिकाहरुको शिक्षामा पहुँच कस्तो रहेको छ ? उनीहरुको शैक्षिक चाहाना के हो ? यसको बाधक तत्त्व के हो ? पहिचान गर्ने मुख्य उद्देश्य यस शोधको विषयबस्तु हो । दलित जातीका बारेमा शोधकर्ताले उठाएका सबै प्रश्नहरुलाई निम्नलिखित अनुसन्धानात्मक प्रश्नहरु अन्तगत अध्यापन गर्ने प्रयास गरिएको छ ।

१. दैलेख जिल्लामा दलितहरुको शैक्षिक साक्षरता स्थिति कस्तो छ ?
२. दलित जातीप्रति जनसमुदायको हेराई, बुझाई र दृष्टिकोण कस्तो छ ?
३. दलितका शैक्षिक दृष्टिकोणहरु कस्ता छन् ?
४. उनीहरुको आर्थिक, सामाजिक हैसियत कस्तो छ ?
५. उनीहरुको शैक्षिक समस्या समाधान गर्न के कस्ता शैक्षिक रणनीति अवलम्वन गर्नुपर्ला ?
६. दलित समुदायलाई शैक्षिक मूलधारमा ल्याई आधारभूत शिक्षा प्रदान गर्न के गर्नुपर्ला वा के उपाय अपनाउनु पर्ला ?

## १.३ समस्याको महत्त्व (Singificance of the Study)

वर्तमानमा गरिएका राष्ट्रिय एवं अन्तरराष्ट्रिय प्रतिवद्धता अनुरुप आधारभूत शिक्षा सबै जनजातीको पहुँचमा पुऱ्याउदै सन् २०१५ सम्म निःशुल्क एवं अनिवार्य प्राथमिक शिक्षा उपलब्ध गराउने अठोट लिई राज्यमा शिक्षामा लगानी गरे अनुरुप प्रतिफल प्राप्त भएको छ-छैन ? कार्यक्रमको प्रभावकारिताको खोजी गर्नु टड्कारो आवशयकतालाई महसुस गर्दै दैलेख जिल्लाको दलित जातीका बालबालिहरुको प्राथमिक शिक्षामा पहुँच कस्तो छ ? भन्ने जस्ता प्रश्नले निर्देशित यस अध्ययनको महत्त्व निम्नानुसार छ :-

१. समाजशास्त्र मानवशास्त्र विषय अन्तरगत समाजशास्त्र विषयको स्नाात्तकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्ति गर्न ।

२. दलित समुदायको शैक्षिक स्थितिको जानकारी गराउने हुँदा सम्बन्धित सबैलाई वर्तमानमा दलित समुदायको शैक्षिक स्थितिको बोध हुनेछ ।

३. नेपाल सरकारद्वारा संचालित दलित विद्यार्थी सहयोग कार्यक्रमको प्रभावकारिताको जानकारी दिनेछ ।

४. आधारभूत प्राथमिक शिक्षा दलित वर्गको पहुँचमा पुग्न नसक्नुको कारक तत्त्वहरुको पहिचान गराउनेछ ।

५. आधारभूत शिक्षा दलितवर्गको पहुँचमा पुऱ्याउन के गर्नु पर्ला ? उपायको खोजी गराउन सहयोग गराउनेछ ।

६. यस अध्ययनले अनुसन्धानकर्ता शिक्षक, नीतिनिर्माता, योजना तर्जुम ागर्न सम्बन्धित निकाय स्वदेशी तथा विदेशी समाजशास्त्रीहरु तथा यस अध्ययनले समाजशास्त्र मानवशास्त्र विषयको अध्ययनमा समेत सहयोग पुग्ने आशा गरेको छ ?

७. भविष्यमा यस विषयमा थप खोजी गर्नेहरुलाई आवशयक सहयोग पुऱ्याउनेछ ।

८. सरकारी स्तरबाट नै दलित जातीको शिक्षा सम्बन्धी छुट्टै किसिमको नीति अवलम्बन गर्नको लागि सहयोग सिद्ध हुनेछ ।

## १.४ अध्ययनको उद्देश्य:

मध्यपश्चिमाञ्चल विकास क्षेत्र भेरी अञ्चल दैलेख जिल्ला जगनाथ गाविसमा बसोबास गर्ने दमाई ( दलित) जातीको शिक्षामा पहुँचको अध्ययन गर्नुको मुख्य उद्देश्यहरु यस प्रकार छन्:

१. दमाई जातीका वालवालिकाहरुको शिक्षामा पहुंचको पहिचान गर्नु ।

२. दमाईहरुको सामाजिक आर्थिक अवस्थाको पहिचान गर्नु ।

३. शिक्षामा दमाईहरुको बुझाई र दृष्टिकोणको पहिचान गर्नु ।

## १.५ अध्ययनको सीमा (Limitation of the study)

मानविकी स्नात्तकोत्तर तहको प्रयोजनको लागि गरिने अध्ययनमा स्रोत, साधन र समयको अभाव नै मुख्य अवरोध रहेको छ । दैलेख जिल्लाको जगनाथ गाविसमा वसोवास गर्ने दमाई जातिका वालवाललिकाहरुको शिक्षामा भएको पहुंचको अध्ययन गरिएकोले नेपाल अधिराज्यका सबै दलित जातीको सामूहिक प्रतिविम्ब उतार्न सक्दैन । दमाई जातिका वालवालिकाहरुको शिक्षामा भएको पहुंच अध्ययन गर्न महिला वा पुरुष अभिभावकसंग अन्तरवार्ता लिइएको छ ।

## १.६ शब्दावली परिचय (Defination of the key terms)

१. जनजाती (सं स्त्री) अति सामान्य मानवको वर्ग वा समुदाय, खोरिया खनेर खनिखोस्री खाने र शिक्षादीक्षामा पछि परेको असभ्य जाती अल्प र पिछडिएका एक जाती (शर्मा २०५८ नेपाली शब्द सागर )

२. जात (सं ना.) मनुष्यको एक किसिमको समूह वा वर्ग जाती गुण बनोटको आधारमा छुट्टिने एक थरी समूह वा विभाग किसिम प्रकार खाल तह, स्तर, थरी, सलक, परम्पराका वंशगत एकाई (ऐ. २०५८)

३. हिन्दु सामाजिक संगठन भित्रको अत्यन्तै महत्त्वपूर्ण इकाईका रुपमा जाती व्यवस्थालाई लिइएको छ । सामाजिक व्यवस्थामा जाती व्यवस्थालाई निकै अनौठो व्यवस्थाका रुपमा पनि लिइन्छ । जसमा सामाजिक आधारमा समाजको खण्डात्मक विभाजन (Segmental Division Of Society) भएको हुन्छ । यस्तो खण्डात्मक व्यवस्थामा निश्चित खालको

स्तरीकरण (Startification) पाइन्छ । जसमा उपल्लो तहमा बाहुन, क्षेत्री रहन्छन् मध्यम तहमा बैश्य र तल्लो तहमा दलितहरु रहेको हुन्छन् । यी खण्डमा रहेका जातीहरुमा जन्मजातका आधारमा पेशा , सामाजिक सम्बन्ध, हैसियत र भूमिका आदि सबै निर्धारण भएको हुन्छ । यस प्रकारको जाती व्यवस्था हिन्दु वर्ण व्यवस्थामा आधारित समाजमा मात्र पाइन्छ । यस हिन्छु समाज अर्न्तगत सामाजिक सम्बन्धलाई बुझ्न जाती व्यवस्थालाई बुझनु पर्दछ ।

४. शाब्दीक रुपमा जातको अंग्रेजी शब्द Caste स्पेनिस भाषाको Caste बाट लिइएको पाइन्छ । जसको अर्थ (Breed) तथा (Lineage) वा (Race) वा (Clan) भन्ने हुन्छ । यसले वंश परम्परा तथा जन्ममा आधारित सामाजिक व्यव्स्थालाई चित्रण गरेको छ । हिन्दु वर्ण व्यवस्थामा आधारित समाजमा लगभग ३,००० इ.पू. देखि यो व्यवस्था प्रचलनमा रहदै आएको पाइन्छ । यति लामो अन्तरालमा हिन्दु समाजका प्रत्येक तहमा जाती व्यवस्थाको प्रभाव पर्नु एक सामान्य घटना मान्न सकिन्छ । (आचार्य बालाराम: २०६५)

५. जाती (सं.स्त्री.) संस्कार अनुसार वा धर्मानुसार छुट्टिने एक जीवको एकाई वर्ण वा वंश वा रंग वा पेशाबाट छुट्टिने मनुष्यको एक एकाई गोत्र वा जन्म वा खलकबाट अलग्गिने एक थरी मान समूह जाति हो ।

६. जाती व्यवस्थालाई व्याख्या गर्दै मेकाइभर र पेज (MacIver and Page) ले भनेका छन् - ( When a Status is a wholly Predetermined so that men are born to their lot with out any hope of changing it, then the class takes the extreme forms of caste) जाती व्यवस्थालाई जसमा आधारित र अपरिवर्तन सामाजिक संख्याका रुपमा लएका छन् ।

MacIve and Page - 1996

७. जातीयभेद (सं.वि.) जातीयताको आधारमा गरिने भेदभाव, जातीवाद, संकिर्ण जातीयता (ऐ. २०५८)

८. दलित जाती- नेपाली समाजले पानी नचल्ने भनि सो अनुरुपको व्यवहार गर्दै आएको दमाई, कामी, सार्की, वादी, डुम, दसाई, झाँगड आदि जातीहरु (ऐ.२०५८)

९. जातीय प्रणाली- सामाजिक वर्ग या प्रणाली जसमा सदस्यता जन्मदेखि नै प्राप्त हुन्छ । जातीय सिद्धान्त अनुसार हैषियत प्रदान गरिन्छ । समूहको समबन्ध सिमति हुन्छ र सिमति परिस्थिति नै वैवाहिक सम्बन्ध पेशाको अवलम्बन गर्नुपर्दछ पछि परम्परालाई मूर्तरुप दिनु नै जातीय प्रणाली हो ।

१०. पहुँच- कुनै काम तय गर्दा अरुका साथ साथै भाग लिने वा सहभागी भएर अगाडी बढेको र अगाडी बढ्ने अवसर अधिकार


११. साक्षरता- यहाँ साक्षर भन्नाले ती व्यक्तिहरुलाई जनाउदछ जुन साधारण शब्द वाक्य अनुच्छेद पढ्न र लेख्न सक्षम छन् ।

यस शोधपत्रको मुख्य अध्ययन क्षेत्र केवल जगनाथ गाविस मात्र सिमित छ । जसले त्यसको आसपासका क्षेत्रको मात्र अध्ययन र निष्कर्ष निकाल्न सकेको छ । यसले यसै जिल्लाको पनि सम्पूर्ण क्षेत्रलाई समावेश गर्न सकिएको छैन । साथै यसले नेपालका समपूर्ण दलित जातीको प्रतिनिधित्व गर्न सकेको छैन । केवल एउटा सिमित क्षेत्र भित्र मात्र रहेको छ । तर यसले समग्रमा अध्ययन गर्नको लागि केही हदसम्म भएपनि सहयोग पुऱ्याउने उद्देश्य लिएको छ ।

नेपाल सरकारले धर्म, वर्ण, लिङ्ग र जातजाती बीच कुनै भेदभाव नगरिने संवैधानिक व्यवस्थाको प्रावधान गरिएको भएता पनि व्यवहारमा भने लागु हुन सकेको छैन । त्यसकारण अझै पनि नेपाली समाजमा परम्परागत जातीय प्रथा जडिएको छ । (मुलुकीऐन २०२०)

जातीय स्तरिकरणको सवालमा दमाई जाती दलित भित्रको पनि निम्न वर्गमा पर्छ । चार जात मध्ये ब्रामहृण क्षेत्री बैश्य र शुद्र गरी विभाजन गरिएकोमा दमाई शुद्र अन्तरगत पर्दछन् । हालै मात्र नेपाल सरकारको उपेक्षित उत्पीडित दलित जातीय उत्थान विकास समितिले नेपालमा २२ थरीका दलित जाती रहेको उल्लेख गरेको छ । जसमध्ये दमाई पनि एक हो । जातीय ऋवद्धताको स्तरलाई हेर्ने हो भने दलित जाती भित्र कामी, सुनार, विश्वकर्मा, दमाई, सार्की आदि सुचिकृत गरिएको छ ।

## १.७ अवधारणाको खाका (Conceptual framework)



# अध्याय–२

## २.१ पूर्व साहित्यको समीक्षा ( **Review of the Related Literature**)

### २.१.१ अध्ययनको बैचारिक खाका ( Theoritical from work of the Study)

कुनै पनि विषयबस्तुको अनुसन्धानका लागि त्यस विषयबस्तु बारे पहिल्य भए गरेका अनुसन्धान, सुझाव, एवं लेखहरुको अध्ययन गर्नु सान्दर्भिक ठहर्दछ । यसको अलावा शोध विषयसंग सम्बन्धित विद्वानहरुद्वारा प्रतिपादन सैद्धान्तिक विश्लेषण गर्नु अझ प्रभावकारी हुने हुदा यो शोधपत्र विभिन्न वैचारिक खाकाको रुपमा अध्ययन अनुसन्धान तथा शोधपत्र तयार पारिएको छ । जस्तो Paulofreire द्वारा प्रतिवादित अवधारणा दलित शिक्षण विधि (Padagogy of the oppressed of the Marxism) माार्क्सवादीद्वारा प्रतिवादित अवधारणा 'सामाजिक विविकिकरणको मार्क्सवादी सिद्धान्त, ( Marxist theory of Social action) education-al functional perspeerive (शैक्षिक प्रकार्यात्मक अवधारणा ), Education- a library perspecrive (शिक्षा-आधारवादी अवधारण) आदीमा प्राप्त जानकारी अनुसार तथ्य र तथ्यांकहरुलाई समावेश गरिएको छ ।

दलित जातीको यथार्थता बुझ्न एकैपक्ष वा कोणबाट मात्र अध्ययन गरेर पुग्दैन । तसर्थ यस शोधपत्रमा विभिन्न अध्ययन र चिन्तनहरुलाई एकाकार गरी जानकारी लिइएको छ । परिवर्तनको विषयबस्तु सामाजिक विज्ञानको क्षेत्रभित्र पर्ने भएकोले गतिशिलताको चिन्तनबाट पनि उपयुक्त विषयबस्तुलाई एउटा समाजशास्त्रीय तथा मानवशास्त्रीय ढंगबाट प्रष्ट्याउने प्रयास गरिएको छ ।

### २.१.२. पाउलो फ्रे को दलित शिक्षण विधि ( **Pedagogy fo oppressed of Paulo** freire)

सन् १९६७ मा Pedagogy of oppressed पुस्तक प्रकाशित गर्दै freire ले दलित समुदायलाई शैक्षिक अवसर उपयोग गर्दै आफ्नो अधिकारको लागि संगठित हुन सन्देश दिन्छन् । विधमान् शैक्षिक संरचना प्रति Freire असन्तुष्टी पैदा भन्दछन्- 'वर्तमान यो उत्पीडनको शिक्षा हो ।

यसले उत्पीडितलाई हित गर्दैन । सर्वप्रथम उत्पीडितलाई मुक्तिको शिक्षण चाहिन्छ । त्यसको लागि उत्पीडितले चेतनालाई अन्तरदृष्टिकरण गर्नु पर्दछ । अन्तरदृष्टिबाट चेतनाको द्वार खुल्दछ र मुक्तिका लागि सक्रियता शुरु हुन्छ । अन्तरदृष्टिकरणको अर्थ सामाजिक, राजनैतिक, आर्थिक अन्तरविरोधी बारे पूर्ण जानकारी प्राप्त गरेर यथार्थलाई उत्पीडित गर्न तत्वहरुको ध्वसको लागि प्रयासरत हुनु हो । Freire को शब्दमा शिक्षा स्वतन्त्रताको अभ्यास हो । अभ्यास नै बन्द भएपछि स्वतन्त्रताको कुनै अर्थ हुदैन । शिक्षाबाट स्वतन्त्रता प्राप्त गर्न मुक्रिको तरिका सिक्नुपर्छ । मानव उत्पीडित छ, हिंसाको शिकार भएको छ । मुक्तिको बाटोमा तगारो तेर्सिएको छ । यस्ता तगारोसंग जुध्ने ज्ञान शिक्षाबाट पाउनुपर्छ । हिंसा कमजोरबाट हुदैन, हिंसा बलियोबाट हुन्छ । बलियो बन्ने तरिका शिक्षाले प्रदान गर्नपर्छ । अनिमात्र हिंसाबाट बच्न सकिन्छ । मुक्तिको लागि शक्ति चाहिन्छ । शक्तिबाट परिवर्तन आउछ । अहिलेसमम शक्तिको प्रयोग बलियोबाट हुदै आएको छ । शिक्षाले उत्पीडितलाई शक्ति प्रदान गर्नुपर्दछ ।

यस प्रकार परम्परागत जातीय विभेदमा गाँसिएको नेपाली समाज कतै Freire ले भने जस्तै चेतनामुलक दलित मुक्ति बर्द्धक शिक्षाको अभावमा पिल्सिएर बसिरहेको त छैन ? समस्त दलित एवं पिछडिएका बर्ग शिक्षाको वर्तमान संरचना भित्र आउन नसक्नुमा उनीहरुको आफ्नै शैक्षिक चेतनाका कारण पछि परेको त होइनन् ? यी र यस्तै सैद्धान्तिक अवधारणा अनुरुप दलित समाजको शैक्षिक पहुँचको यथार्थतालाई प्रस्तुत शोधपत्रमा खोतल्ने जमर्को गरिएको छ ।

## २.१.३. मार्क्सवादीहरुको सामाजिक विभेदीकरणको सिद्धान्त (**Marxist theory of social stratification**)

मार्क्सवादी सिद्धान्तका प्रवर्द्धकहरुमा कार्लमार्क्स, एगेल्स,लेलिन, स्टालिन र माओत्सेतुङ्गलाई भनिन्छ । द्वन्द्वात्मक भौतिकवादमा विश्वास गर्ने मार्क्सवादीहरु मानव विकासको क्रमसंगै समाजमा दुई वर्गको सृजना भएको ठान्दछन् शासक र शोषित अर्थात शोषक र शोषित उनीहरुका अनुसार वर्गिय समाजमा परिश्रमी वर्गको एक समूह बन्दछ भने परिश्रम नगर्ने अल्छि वा शोषकको अर्को समूह अल्छिहरु राज्य सत्ता हातमा लिएर परिश्रमी वर्गको शोषण गर्दछ र समाजमा दुई वर्ग शोषक र शोषितको श्रृजना मात्र होइन झन फाटो बढाउदै जान्छन् । समाजमा आफ्नो अस्तित्व कायम राखी निम्न वर्गमाथि शासन गर्न विभिन्न सामाजिक आर्थिक संस्कृतिक राजनैतिक बारबन्देजरुपी नियम

कानूनहरु स्थापित गर्दै परम्परागत रुपमा दमन गर्दै आएकाले वर्तमान अवस्थामा समेत निम्न वर्ग माथि जातजातीहरु राज्य सत्ताको मूलधारमा आउन नपाएका मात्र होइनन् आउनै नदिएका हुन् भन्ने अभिमत मार्क्सवादीहरुको छ ।

विद्यमान नेपाली हिन्दुवादी सामाजिक संरचनालाई नियाल्दा कतै मार्क्सवादीहरुले भने झै माथिल्लो वर्गद्धारा संचालित राज्यसत्ता भएको कारण उत्पीडित जनजातीहरु राज्यसत्ताको मूल प्रवाहमा समाहित हुन नसकेका पो हुन कि ? राज्यको नीति निर्माणको तहमा तल्लो वर्गका मानिसहरुको पहुँचको कमी रहेको कारण सामाजिक विभेदकरणको दुरी झन फाटो त भएको होइन ? यिनै प्रश्नहरुको सीमा भित्र रही दैलेखी दलित समुदायको शैक्षिक अवस्थाको अध्ययन गरिएको छ ।

### २.१.४. प्रकार्यवादीहरुको सामाजिक संरचनाको सिद्धान्त (**Functionalism theory of social structure**)

प्रकार्यवादी सिद्धान्तका प्रवर्द्धकहरुमा इमाइल दुर्खिम टालकोर पर्सन B Malenowski, Emile Durkheim, Talcolt Parsons, Kingsler Davis and Wilbest E.More जस्ता समाजशास्त्री तथा मानवशास्त्रीका अनुसार समाज निरन्तर रुपमा संचालन हुनाको लागि समाजमा प्रकायत्मक एकता आवशयक छ । उनीहरुका अनुसार समाजमा एकता कायम हुनु पर्दछ । त्यो एकता भनेको शिक्षाले नै गर्दछ । भन्ने विचार उनिहरूको रहेको छ । जस्तै Emile Durkheion का अनुसार To become attached to society the child must feel in it something that is seal, active and power save, which dominants the peroson and to which he also owes the best part of himself. Education and particular, the teaching of history, provides this link between the individual and society.

Talcott parsons ले Durkneim को भनाईमा सहमत देखाउदै functionalism view of education नामक सन् १९५० भन्दा अगाडी लेखिएको पुस्तकमा Parsons ले Education सम्बन्धी धारणा अगाडी राख्दै उनले भनेका छन् After Primary Socialization within the family, the school takes over as the 'focal

socializing agency' School as a bridge between the family and society as a whole preparing the child for the adult sale.

Functional perspeative को मुख्य आसय के छ भने Economy and Education नङ र मासुको समान सम्बन्ध छ । यदि सक्षम रुपमा आर्थिक उन्नती छैन भने शिक्षा पनि प्राप्त गर्न सकिदैन र शिक्षा छैन भने आर्थिक बृद्धी पनि गर्न सकिदैन यस बाट हामी सहजै के अनुमान गर्न सक्छौ भने समाज दलित, उत्पीडीत, पिछडिएका समूदाय आर्थिक हिसाबले सबै पछाडी परेको हँदा सो समूदाय शिक्षामा सहभागी पनि न्युन नै छ । त्यसैले गर्दा दलितहरूको शिक्षा क्षेत्रमा न्युन पहुँच देखिन्छ । नेपाल अधिराज्यको जातीय संरचना भित्र झण्डै ७५ भन्दा बढी जातका समुदायहरू बसोवास गरेको पाईन्छ । (पाण्डे २०५८) तसर्थ नेपालमा बसोवास गर्न समग्र जनजातीहरूको अध्ययनविना नेपाली समाज र नेपाली संस्कृतिको अध्ययन सम्भव छैन । समस्त जनजातीहरूको सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक पक्षको सुहाउदो कार्यक्रम निमार्ण एवं संचालन गर्न समेत असम्भव हुन्छ । यद्यपि नेपालमा कतिपय जनजातीहरूको अध्ययनको लागि स्पष्ट तथ्याङ्क प्रप्त गर्न नसकिने मात्र होइन कि त्यसबाट वास्तविक जानकारी समेत प्राप्त भएका छैनन् । तर पनि केही त्यस्ता प्रतिवेदन तयार भएका छन् जुन प्रतिवेदनमा जातीय विभेदको अत्य गर्नका लागि विभिन्न सुझाव समेत प्रप्त भएको छ ।

१) नेपालमा वि.सं. २००७ साल भन्दा अगाडि निरंकुस एकतन्त्रिय राणा शासनकालमा स्वदेशी एवं विदेशहरूलाइ अध्ययन अनुसन्धान गर्न स्वीकृति दिएको पाइदैन । त्यसैले त्यस अवस्तामा जाती जनजातीको वारेमा खासै अध्ययन एवं आधीकारीक लेख र पुस्तकहरू प्रकशित भएको पाइदैन ।

२) Pande (२०५६:४) का अनुसार राणाकालिन शासनमा केही सैनिक कर्मचारी, व्यापारीहरू किश्चियन धर्म प्रचारकहरूले नेपाली जनजातीको वारेमा लेख्न प्रयत्न गरेको पाइन्छ । वि.सं. २००७ साल पश्चात भने प्रजातान्त्रिक सरकारको गठन पछि खुला निति अनुरुप केही जातीय अध्ययन (Etnographic study) भएको देखिन्छ तर दलित जातीय अध्ययनको भने खासै सामाग्री पाइदैन ।

३)	शर्मा (२०४२) का अनुसार नेपालमा बासोवास गर्न सम्पुर्ण मानिसहरूलाई हिन्दु वर्णाश्रम व्यवस्ता अनुसार चार जात छत्तिस वर्णमा विभाजन गरिएकोमा पछि वि.सं. १९१० मा राजा सुरेन्द्र विक्रम शाहले तागाधारी, मतवाली, पानी नचल्ने, छोइछिटो हाल्नुपर्ने गरी ४ भागमा विभाजन गरे । यसरी जात विभाजन पश्चातः वर्गीकृत कार्य अनुसार ती जातीहरूको विकास भएको पाईन्छ ।

४)	स्थानिय विकास मन्त्रालय(२०५४)ले नेपालमा दलित जातीहरूमाथिल्लो जातीद्धारा आफु हेपिएको र शोषिएको महशुस गर्छन तर यिनीहरूले माथिल्लो जातीसंग कहिल्यै विरोध गर्न सकिरहेका छैनन् भनिएको छ । देशमा दलित समुदायको सामाजिक, आर्थिक, धार्मिक एवं शैक्षिक स्तरमा सुधार गरी उनीहरूलाइ देश विकासको मुलधारमा सामेल गराउन श्री ५ को सरकारको नीति अनुरुप उपैक्षित उत्पीडित र दलित वर्ग उत्थान विकास समिति २०५४ स्थापना गरेको थियो ।

५)	उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन २०५५ र दलित जातीका विषयमा औल्याएका पक्षहरू :-

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले शिक्षामा पहुँच शिर्षकमा शिक्षामा प्रवेश हुन नसकेका विशेष समुह अन्तर्गत दलित समूदाय सम्बन्धी परिवेशको विस्तृत व्याख्या गरेको छ । यसमा भनिएको छ “देशका ४० लाख भन्दा पनि बढी संख्यामा रहेका दलित समूदायको शैक्षिाक स्थितिका बारेमा कम अध्ययन अनुसन्धान भएका छन ।” हाल सम्ममा उपलब्ध अध्ययन अनुसार दलित समुदाय मध्य १० प्रतिशत मात्र साक्षर छन् । आयोगको प्रतिवेदन पृष्ठ १६०) । उक्त प्रतिवेदनमा दलित समुदायको स्थिति सम्बन्धमा ५ वटा समस्या र मुद्धाहरू पहिचान गरेको छ ।

१)	शैक्षिक, सास्कृतिक सम्पदाको अभाव ।

२)	जातीय छुवाछुतको समस्या ।

३)	व्यापक निरक्षरता र गरिबी ।

४)	अगुवा एवं प्रेरक दलितको कमी ।

५)	दलित सिपको अपहेलना ।

६) शर्मा एण्ड शर्मा (२०५८) का विचारमा जव-जव देशहरू सक्रिय विकासमा र ज्ञानमा अघि बढ्दै गए अविकसित देशहरूलाइ झन-झन चिन्ता पर्दै गयो । गतिशील विश्वमा आर्थिक बौद्धीक चेतनाको असमानता मात्र नभई शैक्षिक र प्रजातान्त्रिक आवस्यकतालाइ पनि महशुस गरियो समाजमा देखा परेका असमानताले ज्यादै चिन्तित बनायो । समाजमा उच्चकांक्षी (Superior) र निम्नकाक्षी (Inferior) समूहको निमार्ण गऱ्यो । मालिक वर्ग र दास वर्गमा भिन्नता ल्यायो । माहामानव (Superman) सहमानव ( Subman) बनायो । अमानवीयकरण ल्यायो । जुन स्थिति हटाउन शिक्षा निम्न वर्गसम्म पऱ्याउनु पर्दछ ।

७) थापा २०५८ का अनुसार दलित जातीका बालबालिकालाई विद्यालय शिक्षाको अवसर प्रदान गर्न उनीहरूको विस्तृत रुपमा घरधुरी सर्वेक्षेण गरिनु पर्दछ । जसबाट उनीहरूको वास्तविक आयस्तर र सामाजिक परिवेशलाइ उपचारात्मक रुपमा विस्लेषणको आधारमा दलित समुदायको सहभागिता विस्तृत पञ्चवर्षिय योजना तर्जुमा गरी निम्नानुसार कार्य तर्जुमा गर्नुपर्दछ ।

- जातीय भेद हटाउन व्यापक स्थितिमा प्रचार गोष्ठिको आयोजना गरिनुपर्ने ।
- दलितहरूको आर्थिक स्थितिमा सुधार ल्याउन जग्गा एवं आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने
- दलित समुदायको शैक्षिक चेतनास्तर उकास्नुपर्ने ।
- माथिल्लो जातीको चाकडी गर्ने प्रथा हटाउनुपर्ने
- दलित वर्गलाइ अनिवार्य प्राथमिक शिक्षा उपलब्ध गराउन प्रतिवद्धता जाहेर गरिनुपर्ने ।
- विद्यालयमा एक जना दलित शिक्षकको व्यवस्था गरिनुपर्ने ।

८) खनाल (२०५८) का अनुसार दलित जातीका विद्यार्थीलाई प्राथमिक विद्यलयमा शिक्षामा सक्रिय सहभागी बनाउन र शैक्षिक उपलब्धी स्तर बढाउन दलित छात्रबृत्तिले पारेको प्रभावः एक अध्ययन नामक शोधपत्र मार्फत दलित जातीका विद्याथीलाई सोचेजस्तो उपलब्धी हासिल गराउन नसकेको कुश व्यक्त गरेका छन् । अव्यावहारिक छात्रहरूलाई वितरण प्रणाली, न्युन छात्रवृत्ति गरिनु पर्ने शैक्षिक सत्रको सुरुमा रकम वितरण गरिनु पर्ने, शैक्षिक जागरण ल्याउन चेतनामुलक कार्यक्रम दिनुपर्ने सुझाव श्री खनालको छ ।

९) अधिकारी (२०५७) ले कुसुण्डा जातीको संस्कृतिमा आधुनिक शिक्षा नामक एक विश्लेषणात्मक अध्ययनमा लोपोन्मुख कुसुण्डा जातीको बारेमा अध्ययन अनुसन्धान गरेर एउटा भिन्नै प्रकारको सिर्जना दिनुपरेको छ । उक्त शोध अनुसन्धानमा भनिएको छ कुसुण्डा जाती निःसन्देह वन मान्छे हुन् तर संस्कृतिमा स्तरीकरण तथा सामाजिकीकरण भएका इमान्दार वनमान्छे हुन् । उनीहरू न्युगिनीको कविला जाती जस्तो नरभन्छि पनि होइनन् । वनमान्छे हुन् तर भाग्ने पंक्षिको सिकार गर्ने, जिरह र जवरजस्ति नगर्ने सामानिक सम्बन्ध भएका तर आफ्नो प्रजातीय अस्तित्व गुमाउन पुगेका वन मान्छेको आफ्नै मौलीक भाषा, संस्कृति बचाउन घरेलु सिपमुलक पद्धतिलाइ शैक्षिक व्यवस्थापनमा समावेश गरिनुपने कुरामा शोधककर्ताले जोड दिनुभएको छ ।

१०) डा. कोइराला (१९९७) ले Schooling and the Dalit of Nepal: A caste study of Bunkos Dalit community नामक शोधपत्रमा वर्तमान शैक्षिक पद्धति भित्र समग्र नेपाली जातीहरूको समान पहुच नरहेको तथ्य उद्घाटीत गर्नुभएको छ । शैक्षिक सहभागिताको लागी आर्थिक असमानतामात्र होइन जातीय असमानता समेत वाधक रहेको कुरा शोधकर्ताकै शब्दमा यसरी प्रष्ट हुन्छ । "A Nepali's Religious and cultural values that some are born thing caste and some low caste and socio-ecomonic values that some where born with a silver spoon in their mouth and other with hand to mouth problem for minimal substance and reproduces the tensen of being equal or being unequal." यसप्रकार जन्म जात भै सामाजिक असमानताको सुरुवात हुने गरेको नेपाली समाजमा शैक्षिक अवसरको पहुँचमा समेत उक्त असमानताले उल्लेख्य प्रभाव परेको शोधकर्ताको ठम्याइ छ । कर्म, भाग्य, पुर्वजन्मको फलको रुपमा वर्तमान जीवन भोगाइका आधारहरू हुन् भन्ने विश्वास गर्ने हिन्दु वर्णाश्रम धर्ममा आधारित नेपाली समाजमा पनि दलित समुदायमा विद्यालय शिक्षाको विस्तार कसरी र किन भइरहेको छ ? शोधकर्ताको अनुसन्धानको मुख्य विषयवस्तु बनेको छ ।

उक्त शोधपत्रमा शोधकर्ताले दलित शिक्षाका विभिन्न समस्याहरू मध्य दलित बालबालिकाहरूलाई विद्यालय समय अनुकुल नभएको बढी उमेरका बालबालिकाहरू र उच्च जातीय बालबालिका संगका एउटै कक्षामा राखेर शिक्षाण गर्दा आइपर्ने समस्या, दलितहरूको शैक्षिक पहुँच आभिवृद्धिका लागी संस्थागत आर्थिक सहयोगको अभाव, दलित विद्यार्थी र अन्य जातीय विद्यार्थी बीच सहकार्य र सह-सम्बन्धको समस्या, विद्यालय र दलित अभिभाबक बीच उपयुक्त संचार नहुनु जस्ता समस्याहरू औल्याइएको पाइन्छ ।

नेपालमा प्रजातन्त्र स्थापना पछि ग्रामिण विकासका कार्यक्रमहरू संचालन भएका पाइन्छन् । २००७ सालमा प्रजातन्त्रको उदय भएपछि २००८ सालमा त्रिभुवन ग्राम विकास नमूनाको शुरु भयो । जसबाट हरेक समुदायलाइ सहभगितामा जोड दिएको थियो । जसबाट हरेक समुदायलाइ स्वावलम्बी र आत्मनिर्भर बनाउनु थियो भने पञ्चायत विकास कार्यक्रम, एकिकृत ग्रामिण विाकास कार्यक्रम, गाउँफर्क अभियान जस्ता कार्यक्रम हरूले पनि समाज विकासका निम्ति जनसहभागीतामा जोड दिएको पाइन्छ । त्यस्तै गरि प्रजातन्त्र स्थापना पछि ग्रामिण स्वालम्बन कार्यक्रम, आफ्नो गाउँ आफै बनाउँ, गरिवका लागी विशेष कार्यक्रम पनि हरेक समुदायका पिछडिएका वर्ग तथा समुदायको विकासका निम्ति सञ्चालन गरिएको थियो । यी कार्यक्रमहरू समाजका दलित, उत्पिडित, जाती जनजातीको विकासमा सरकारी क्षेत्रबाट प्रयास हुदै आएको पाईन्छ । (अर्याल २०६१)

नेपालमा योजानागत विकास २०१३ साल देखि भएको हो । २०१३ साल देखि योजनागत विकास सुरु भएपनि प्रथम पञ्चवर्षिय योजना (२०१३-२०१८) मा दलित तथा जनजातीको विकासमा खासै पहल गरेको पाइदैन त्यस्तै दोस्रो पञ्चवर्षिय योजना (२०१९-२०२२) मा पनि गरिवी निवारणका कुराहरू आए पनि खासै सामाजिक क्षेत्रका दलित जनजातीहरूको उत्थानमा प्रयास भएको पाइदैन । तर नयाँ मुलुकी ऐन २०२० ले भने केहि क्रान्तिकारी निर्णयहरू गरेको पाइन्छ । जसमा छोइछिटो हाल्नुपर्ने तथा सामाजिक रुपमा कसैले पनि साना जात ठुलो जात भनेर फरक गर्न नपाउने कानुन लागु गरियो । तर व्यवहारमा त्यो लागु हुन सकेन । त्यस्तै तेस्रो पञ्चवर्षिय योजनाम सामाजिक उत्थान गर्ने उद्देश्य राखियो । जुन उद्देश्य अनुसार कामा हुन सकेन त्यसैगरी चौथो योजना देखि सातौ योजना सम्म सामाजिक भेदभाव र जनजातीहरूको उत्थानको लागि कागजी रुपमा योजना वनेपनि कार्यन्वयन भने हुन सकेन । जसले गर्दा सामाजिक परिवर्तन उल्लेख्य रुपमा हुन सकेन । तर

प्रजातन्त्रको पुनः स्थापना भएपछि तिन वटा पञ्चवर्षिय योजना पुरा हुन लागीसकेको छ, तर अपेक्षाकृत रुपमा खासै परिवर्तन हुन सकेको छैन । प्रजातन्त्रको पुन प्राप्ति पछि भएका योजनागत विकासहरूमा सामाजिक विकास तर्फ समाजका महिला, पिछडिएका दलित जनजातीहरूको पहुँच विकास र विस्तार गरी रोजगारको सिर्जना गरी स्वास्थ्य शिक्षा लगायतका क्षेत्रहरूमा विकास गराइ उनिहरूको उत्थानमा सहयोग पुऱ्याउने लक्ष्य राखिएको थियो । त्यसपछि त्यसको मुल समस्या भनेको गरिवी निवारण हो र यसकालागी शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विकास गरी उनिहरूको पहुँचमा विस्तार गरेर मात्र यो समस्या समाधान गर्न सकिन्छ भन्ने कुरा आठौ, नवौं, दशौं योजनाको उद्देश्यको सारमा पाइन्छ । (भट्टराई २०५४)

वास्तवमा कुनैपनि देशको राजनैतिक विकास त्यस देशको राजनैतिक तथा सामाजिक विकास संग सम्बन्धित हुन्छ । गरिवी निवारण समाजको हरेक पक्षको सकीय सहभागीता आवश्यक पर्दछ । समाजमा विभिन्न पक्ष हरू मध्ये कुनै एक पक्ष निस्कृय भएको समस्टिगत क्रियाकलापमा प्रतिकुल असर पार्दछ । यसका निमित्त सरकारी एवं निजी क्षेत्रले आ-आफ्नो स्थान बाट उत्तरदायित्व वहन गर्न सक्नु पर्दछ । प्रजातान्त्रिक लोककल्याणकारी सरकारले आफ्नो हरेक क्रियाकलापहरूमा पारदर्सिता झल्काइ भ्रष्टाचार रहित विकेन्द्रिकृत ढङ्गले विकासको प्रतिफल समुचित रुपमा वितरण गर्न प्रणाली एवं संयन्त्रको विकास गर्नु पर्दछ । विश्वव्यापिकरणको सञ्जाल भित्र छिरेर जस्तोसुकै अर्थिक निति अवलम्बन गरेपनि स्वदेशी श्रम, सिप र साधनको परिचालनमा जोड दिनु पर्दछ । स्वदेशी उद्योग धन्दालाई प्रोत्साहन दिइ प्रतिस्प्रधी बनाउनु पर्दछ । विकासको कार्यक्रमहरू सञ्चालन गर्नु पर्दा क्षेणीक फाइदाहरूलाई मात्र नहेरी दिर्घकालीन रुपमा आमनिर्भर हुने, वातवरणिय सुरक्षा हुने, जनजाती क्षेत्र, पिछडिएका वर्गका समान पहुँच पुग्ने गरी सञ्चालन गरेमा अवश्य पनि गरिवीको विसाल स्वरुप साघुरीदै जाने छ । भोग, रोग र गरिवीको भुमरीमा सन्त्रास र विवसताको जिन्दगी विताउन पर्ने काहालीलाग्दो काला दिनहरूलाई विकासको ज्योतीले सुक्ष्म रुपमा भएपनि अवश्य किनारा लगाइदिने छ । (अर्याल २०६१)

उपर्युक्त समस्या समाधानका लागी निम्नानुसार सुझाव अनुसन्धानकर्ताले दिएका हुन् ।

- खेतिपाती र निमेकको समय अनुकुल शिक्षण समय बनाउनु पर्ने ।

- शिक्षण तालीमको व्यवस्था गरी विभिन्न उमेर समुहका वालवालीकालाई एउटै कक्षामा राखि प्रभावकारी शिक्षणको वातावरण वनाउनु पर्ने ।
- संस्थागत आर्थिक सहयोगको लागी दलित सहायता कोषको स्थापना गरिनु पर्ने ।
- दलित समुदायको शैक्षिक समस्या पत्ता लगाई समाधानको लागी सहभागीतात्मक अध्ययन गरी विद्यालय अभिभावकको सम्वन्ध सुधार गरीनुपर्ने ।
- अन्तर्क्रियात्मक छलफल कायक्रम सञ्चालन गरी दलित समस्या प्रति सम्वेदनशिल रही समाधान गर्न प्रयास गरीनु पर्ने ।
- दलित विद्यार्थीलाई सिकाइमा प्रोत्साहन दिने खालको प्रभावकरी मुल्याङ्कन पद्धती अपनाउनु पर्ने
- दलित जातीय श्रम सिपलाई पाठ्क्रममा स्थान दिनु पर्ने ।
- रोजगारको व्यवस्था गरी अर्थोपार्जनको व्यवस्था गरीनुपर्ने ।
- जातीय विभेदको अन्त्यको लागी व्यापक प्रचारप्रसार गर्न राजनैतिक कार्यकर्ता लगायत समाजका समग्र प्रबुद्धवर्गद्धारा जारी गरी व्यापक जनजागरणका लागी पहल गरीनुपर्ने ।

यसरी दलित शिक्षामा देखिएका समस्या एवं समाधानका उपाय हरूसमेत प्रस्तुत सोधपत्रमा उल्लेख गरीएको छ । जसबाट दलित शिक्षा सम्बन्धि चासो राख्ने जो कोहिलाइ मार्गनिर्देशन गर्न उपयुक्त सोधपत्रले उल्लेख्य भुमिका खेलेको छ ।

समग्रमा उल्लेखित सोधपत्रको समिक्षात्मक विश्लेषण गर्दा के पाईन्छ भने दलित समुदाय राष्ट्रद्धारा गरीएको विभिन्न प्रयासका बावजुत पनि आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक क्षेत्रमा पिछडिएका छन् । उनिहरूको उत्थानको लागी ति जाती हरूको आवश्यकता अनुकुलको, जिवनोपयोगिता आयमुलक शिक्षाको खाँचो देखिन्छ । यसका लागी दलित समुदायको वास्तविक जिवन पद्धतीभित्र पसेर उनिहरूकै यथार्थ अवस्थाको अध्ययन गर्न जरुरी देखिन्छ ।

- P caplan (1972) ले पश्चिम नेपालको हिन्दु समाजमा रहेको ब्राम्हण (Priests) र सार्की (Cobbless) को विच अन्तरसम्बन्ध र प्रवृत्ती (Tendency) को वास्तविकतालाइ उल्लेख गरेका हुन् । Caplan ले तिनीहरूको सामाजिक जिवनमा द्धन्दको माध्यमबाट परिवर्तनको प्रकृयालाई जोड दिएका हुन् ।

- L. caplan (1970) ले हिन्दुहरूको land holding pattern र सरकारको भुमिसुधार नितिमा भएको परिवर्तनलाइ ऐतिहासिक परीप्रेक्षमा चित्रण गरिएको छ । तिनीहरूमा भएको सामाजिक साँस्कृतीक परिवर्तन जुन हिन्दुकरण प्रकृया अन्तर्गत हिन्दु मुल्य मान्यताहरूलाई स्वीकार गरिएको वारेमा समावेश गरिएको छ ।
- Bista (2030) ले विभिन्न जातीजनजातीको मानिसहरू र हिन्दुकरण प्रकृयाको वारेमा आधारभुत जानकारी दिएका हुन् । हिन्दुकरण प्रकृयामा विभिन्न जनजातीहरू जस्तैः थकाली, तामाङ, मगर, शेर्पा, राई, लीम्वु आदीलाइ जोड दिएका हुन् ।
- ब्राम्हणसंग सत्यको, क्षेत्रीसंग सस्त्र र वस्त्रको, वैश्यसंग गार्प, अन्न, सुवर्ण र शुद्रसंग पाप लाग्ने विषयको सपथ गराउन पर्छ । साथै काम परेका खण्डमा सम्बन्ध नभएका शुद्रको धन पनि ब्राम्हणले निःसंकार्य लिन पाउंदैन किनभने सुद्रको आफ्नो केही पनि धन हुदैन र जे-जति हो त्यो सबै उसको मालिकको हो । (लुइटेल २०६१)

# अध्याय–३

## ३. अनुसन्धान विधि (Research Methodology)

कुनै पनि विषष्यमा व्यवस्थित तथा विस्तृत खोज गर्नका लागि निश्चित अनुसन्धान विधिको प्रयोग गर्न आवश्यक हुन्छ । निश्चित एवं उचित अध्ययन विधिको प्रयोगले मात्र शोधमा राखिएको उद्देश्य पूरा हुन सक्छन् । त्यसैले वर्तमान अध्यायन पनि एउटा सिमित क्षेत्रमा केन्द्रित छ र यसमा तल उल्लेखित विधिहरुको प्रयोग गरेर शोध कार्यको लागि तथ्यांक संकलन गरिएको छ ।

### ३.१ अध्ययन क्षेत्रको छनौट (Selection of Study Area )

नेपालका प्रायः सबै जिल्लाहरुमा छरिएर रहेका दमाई जाती जसलाई हामी नेपाली भनेर चिन्छौं । तिनीहरुको अध्ययनको लागि सबै क्षेत्रमा गएर अध्यापन गर्न सम्भव नहुने भएकाले यस जातीको अध्ययनको लागि भेरी अञ्चल दैलेख जिल्ला अन्तरगत पर्ने जगनाथ गाविसका ९ वटा वडाहरु मध्ये केही वडाहरुमा मात्र उनीहरुको बसोबास रहेको र तिनीहरुको जम्मा घरधुरी संख्या २० रहेको छ । यी २० घरधुरीमा बसोबास गर्ने दमाई जातीलाई अध्ययनको मुख्य क्षेत्रको रुपमा लिइएको छ । नेपाल अधिराज्यका सबै ठाउँमा बस्ने दमाई जातीको अध्ययनको लागि समय, स्रोत र साधनको व्यक्तिगत खर्चले सम्भव नहुने भएकोले एउटा निश्चित क्षेत्रलाई मात्र छनौटको रुपमा लिइएको छ । शोधकर्ता स्वयंम् उक्त अध्ययन क्षेत्रसंग भौगोलिक एवं विभिन्न कार्यक्रमको माध्यमबाट नजिक भएकोले नजिकबाट अध्ययन गर्ने अवसर पाइएकोले उक्त अध्ययन क्षेत्र रुचिको विषय तथा यस अध्ययन क्षेत्रमा बसोबास गर्ने दमाईहरुको आर्थिक अवस्था अत्यन्त कमजोर हुनुले यिनीहरुको बारेमा अहिलेसम्म कुनै पनि किसिमको खोजपूर्ण कार्य नभएकोले तिनीहरुको अध्ययन गर्न उचित ठानी यस क्षेत्रलाई अध्ययनको लागि छनौट गरिएको हो ।

### ३.२ अनुसन्धानको ढाँचा (Research Design)

यो अध्ययनको ढाँचा विश्लेषणात्मक र बर्णनात्मक प्रकृतिको रहेको छ । दमाई जातीमा रहेको यथास्थितिलाई वर्णन गरिएको छ । यस अध्ययनको क्रममा कुनै तोकिएको तत्त्वको कुनै विकल्पसँग नियन्त्रण नगरी अध्ययनको क्रममा संकलन भएका तथ्यांकहरुलाई आवश्यकता अनुसार तालिका वद्ध गर्दै व्याख्या, विश्लेषण र वर्णनद्धारा खोज गरिएको छ । यस अध्ययनमा वर्णात्मक विधिबाट प्राप्त

तथ्यांकहरुमा उत्तरदाताहरुको शैक्षिक स्थिति, जातीगत अवस्था, धार्मिक अवस्था, लैङ्गिक अवस्था आदि सम्बन्धि तथ्यांकलाई दिइएको छ । त्यस्तै विश्लेषणात्मक विधिबाट यस अध्ययनमा दमाई जातीमा अन्य जातीहरुको सम्बन्ध र सिर्जित अवस्था सामाजिक छुवाछुतको विकासले दमाई जातीको सामाजिक अवस्थामा पारेको प्रभाव तथा समग्र यस जातीको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थाका बारेमा विश्लेषणात्मक विधिबाट अध्ययन गरिएको छ ।

## ३.३. अध्ययनको समग्रता तथा नमुना छनोट (Universe and Sampling of the study)

यो अध्ययन दैलेख जिल्ला जगनाथ गाविस वडा नं. २,३,४,७,र ८ मा बसोबास गर्ने दमाईहरुको तथ्यांकबाट गरिएको छ । दैलेख जिल्लाको कूल जनसंख्या २,२५,२०१ रहेको छ भने दैलेख जिल्लामा जम्मा दलितहरुको संख्या ५८,४७४ रहेको छ भने दमाईहरुको जनसख्या ९,९९९ रहेको छ । अध्ययन क्षेत्रमा जम्मा २० घरधुरीमा १२५ जना दमाईहरुको संख्या रहेको छ । सो गाविसमा जम्मा ५१६ घरधुरी र २,४७० जनसंख्या रहेको छ । यो जनसंख्यामा बाहुन, क्षेत्री, कामी, दमाई, सार्की, ठकुरी, आदि रहेका छन् । यस गाविसमा रहेका विभिन्न गाउँहरुमा रुमी, तुर्सु, डाँडागाउँ, मन्घर, डौरी, पोखा, सीमा, कुल्लेबुङ्ची रहेका छन् । अध्ययनको छनोटको लागि छनौट गरिएको २,३,४,७,र ८ वडामा दमाई जातीका जम्मा २० घरधुरी छन् भने त्यसमा ६० पुरुष ६५ महिला गरी जम्मा १२५ जनसंख्याले बसोबास गरेका छन् । नमुना छनोटको क्रममा purposive non random sampling विधि अपनाईएको छ ।

## ३.४ तथ्यांकको प्रकृति (Nature of data)

यो अध्ययनको क्रममा तथ्यांक संकलन गर्ने काम प्राथमिक र द्बितिय दुबै स्रोतहरुको प्रयोग गरिएको छ । तथ्यांक शोधकर्ता स्वयंम् अध्ययन क्षेत्रमा पुगी दिइएको छ भने द्बितिय तथ्यांक गाविस, जिविस, राष्ट्रिय योजना आयोग र अन्य संघ/संस्थाद्धारा प्रकाशित लेख रचना र प्रकाशन आदिबाट लिइएको छ । छनोटमा परेका नमुनासंग यस अध्ययन कार्यका लागि चाहिने विभिन्न आवश्यक जानकारी तथा तथ्यांकहर संकलन गर्नका लागि प्रचलनमा रहेका समाजशास्त्रीय प्रचलित विधिहरु नै अपनाइएको छ । अनुसन्धानको क्रममा तथ्यांक संकलन गर्दा गुणात्मक र संख्यात्मक दुबै प्रकारका तथ्यांकहरुमा अन्तरवार्ता, अवलोकन, संरचित तथा असंरचित प्रश्नावलीद्धारा संकलन गरिएको छ ।

द्वितिय तथ्यांकहरुमा गाविसको कार्यालयमा उपलब्ध तथ्यांक तथा अन्य पुस्तक, पत्रपत्रिकामा प्रकाशित विविध सामग्रीबाट लिइएको छ ।

### ३.५ तथ्यांकको स्रोत (Resorce of data)

तथ्यांकको लागि शोधकर्ता स्वयम् अध्ययन क्षेत्रमा पुगी प्राथमिक स्रोतको संकलन गरिएको छ । सो तथ्यांक संकलनको लागि शोधकर्ता स्वयम् अध्ययन क्षेत्रमा पटक पटक स्थलगत भ्रमण गरी तथ्यांक संकलन गरिएको छ । अध्ययनको क्रममा अवलोकन, निरीक्षण, अन्तरवार्ता र प्रश्नावलीको माध्यमबाट घर गन्ती सर्वेक्षण संकलन गरिएको छ । प्राप्त तथ्यांकहरु परिणात्मक एवं गुणात्मक प्रकृतिका छन् भन्ने लागेको छ । प्रश्नावलीको मद्दतले घरधुरी सर्वेक्षण गरिएको छ जसले शोधकर्तामा परिणात्मक तथ्यांक प्राप्त भएको छ भने अवलोकन सहभागीतात्मक अध्ययन निरिक्षण तथा अन्तरवार्ताले गुणात्मक उपलब्धि हासिल गर्न मद्दत गरेको छ ।

### ३.५.१ प्राथमिक स्रोत (Primary souce)

तथ्यांक संकलन गर्दा स्वयम् अध्ययन क्षेत्रमा पुगेर प्राथमिक स्रोतको संकलन गरिएको छ । सो तथ्यांक पटक पटक स्थलगत भ्रमणबाट संकलन गरिएको हो । अध्ययनको क्रममा अवलोकन, निरिक्षण, अन्तरवार्ता, प्रश्नावलीको माध्यमबाट घरगन्ती सर्वेक्षण तथा दमाई जातीको बारेमा तयार गरिएको चेकलिष्टको माध्यमबाट तथ्यांक संकलन गरिएको छ । यसबाट प्राप्त तथ्यांकहरु परिमाणात्मक र गुणात्मक दुबै प्रकृतिको बन्ने आशा गरिएको छ । त्यसले गर्दा के स्पष्ट भएको छ भने सकेसम्म अध्ययनले यथार्थता झल्किने आशा लिइएको छ । जसबाट शोध, अवलोकन, सहभागीतामूलक अध्ययन, निरिक्षण तथा अन्तरवार्ताले गुणात्मक तथ्यांक उपलब्ध भएको छ ।

### ३.५.२. द्वितिय स्रोत (Secondary source)

अध्ययनलाई पूरा गर्नको निमित्त प्राथमिक स्रोतले मात्र पूरा हुन सक्दैन । तसर्थ द्वितिय स्रोतको समेत प्रयोग गरिएको छ । अध्ययनको क्रममा सहायक तथ्यांकको रुपमा प्रयोग गर्न वान्छनीय देखिएकोले यसको प्रयोग गरिएको छ । यसबाट प्राप्त तथ्यांकहरुलाई क्रमवद्ध ढंगले प्रस्तुत गर्नका लागि समेत द्वितिय स्रोतको रुपमा लिइएको छ । यसरी लिइएको द्वितिय स्रोतको रुपमा केन्द्रिय सूचना विभागबाट सूचना मुलक सामग्रीहरु नेपाल सरकारले गठन गरेको अनुसन्धान टोलीका प्रतिवेदनहरु तथा प्रकाशित पुस्तक गाविसको तथ्यांक पुस्तिकाहरु विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरु

ख्यातिप्राप्त स्वदेशी तथा विदेशी समाजशास्त्री तथा मानवशास्त्री एवं भाषाविद् विद्वानहरुद्वारा लेखिएका तथा प्रकाशित गरिएका पुस्तकहरु द्वितिय स्रोतको रुपमा लिइएको छ ।

### ३.६ तथ्यांकको संकलन प्रक्रिया (Process of data collecation)

शोधकार्यको लागि प्रस्तावना स्वीकृत भएपश्चात अध्ययनको लागि वा तथ्यांक संकलनको निम्ति नमूना प्रश्न निर्माण कार्य गरिएको थियो नमूना प्रश्नहरुलाई अध्ययन क्षेत्रका बासिन्दाहरुले सजिलै बुझ्न सकुन भनेर साधारण खालका प्रशनहरु निर्माण गरिएको थियो । प्रश्नहरु बन्द र खुल्ला गरी दुई प्रकृतिका थिए । जसबाट छोटो र विस्तृत उत्तर प्राप्त भएका थिए ।

निर्माण गरिएका प्रश्नहरु सजिलै बुझ्न सकेको वा नसकेको भनेर जाँच्न प्रश्नावली परिक्षण गरिएके थियो । ती प्रश्नहरु अध्ययन क्षेत्रसंग समान प्रकृतिका समुदायमा परिक्षण गरी पृष्ठपोषण लिइएको थियो । जुन प्रश्नहरु पृष्ठपोषणको आधारमा पुनः सुधार गरेर अध्ययन क्षेत्रमा प्रयोग गरिएको थियो । सो शोधक्षेत्रको वातावरणलाई सौहार्द बनाउन शोधकर्ता स्वयम् अध्ययन समयमा सो स्थानमा बसोबास गरी त्यहाँका बासिन्दाहरुसंग राम्रो सम्बन्ध तयार पारिएको थियो । जसले गर्दा उनीहरुसँग हेलमेल तथा आत्मियता बढेर आश्यक तथ्यांक लिन र नमूना प्रश्नहरु प्रयोग गर्न सहज भएको थियो । यसका साथै निम्न विधिहरु प्रयोग गरी तथ्यांक संकलन गरिएको थियो ।

#### ३.६.१. प्रश्नावली (Questionaire)

संगठित रुपमा तयार पारी विभिन्न प्रश्न तयार पारिएको थियो । जुन प्रश्न उत्तरदाताले सजिलै दिन सक्ने किसिमको थियो । जसमा सो जाती समबन्धी विभिन्न विषयमा रहेर प्रश्नावली तयार पारिएको थियो । प्रश्नावली दमाई जातीको सामाजिक रिति रिवाज चाल चलन शैक्षिक स्रोतको माध्यम शैक्षिक अवस्था आदि विभिन्न विषयमा अलग अलग रुपमा तयार पारिएको थियो । सोही प्रश्नको उत्तरको सहयोगबाट यो शोधपत्र तयार गर्न सहज र सजिलो बनाएको थियो ।

#### ३.६.२ अन्तरवार्ता (Interview)

संगठित रुपमा तयार गरिएका प्रश्नावली, पारिवारिक लगत र सामान्य जनजीवनसंग सम्बन्धित परिणात्मक तथ्यांकहरुको लागि सूचनादाताहरुको माध्यमबाट प्रश्नहरु सोधिएको थियो । अझ स्पष्ट पार्नका लागि अन्तरवार्ताको क्रममा मुख्य सूचनादाताहरुलाई दमाई जातीको इतिहास,

सामाजिक तथा संस्कृतिक पक्षको विस्तृत जानकारी विशेष समय लगाएर अन्तरवार्ता लगी तथ्यांक संकलन गरिएका छन् ।

### ३.६.३. क्षेत्रगत अवलोकन (Field observation)

दमाई जातीको सामाजिक। संस्कृतिक शैक्षिक तथा आर्थिक अवस्थाको जानकारी प्राप्त गरी प्रत्यक्ष रुपमा क्षेत्रगत अवलोकन विधि अपनाइएको छ । यस अवलोकनबाट उनीहरुको बसोबासको अवस्था पशुपालन, पहिरन, सरसफाई आदिलाई पनि जोड दिइएको छ । यसरी गरिएको अध्ययनहरुबाट दमाई जातीको यथार्थता पत्ता लगाउन सहयोग पुग्नेछ ।

### ३.६.४ सामुहिक छलफल (Group Discussion)

अध्ययनको क्रममा प्राथमिक स्रोत संकलनका निमित्त प्रत्यक्ष रुपमा समूहमा विभाजन गरी सामुहिक छलफल गरिएको थियो । जसले गर्दा अध्ययनको लागि आवश्यक तथ्यांकहरु संकलन गर्न सहज भएको थियो । उक्त छलफलबाट दमाई जातीको घरको बनावट, खेतीगर्ने तरिका, तिनीहरुका भाँडावर्तन, तिनीहरुको जीवन गुजराको मुख्य स्रोत जस्तै मेसिन, गाउँबस्तीमा कस्तो किसिमको अवस्था छ आदि बारे छलफल गरी आवश्यक कुरा टिपोट गरिएको थियो । जसबाट दमाई जातीको विविध पक्षको जानकारी प्राप्त हुनेछ ।

### ३.७ प्रमुख सूचनादाताहरु

शोधकर्ताको तथ्यांक संकलनार्थ सम्बन्धित वडाका दमाई परिवारबाट अतुलनीय सहयोग रहेको थियो । साथै यसको निमित्त अन्य यस क्षेत्रमा बसोबास गर्ने समुदाय, व्यक्ति, सरकारी तथा गैरसरकारी संघसंस्था आदिको पनि त्यत्तिकै सहयोग रहेको थियो । जसलाई निम्नानुसार बुँदागत रुपमा उल्लेख गरिएको छ :

- अध्ययन क्षेत्रमा बसोबास गर्न दमाई समुदायहरु
- शिक्षक बुद्धिजीवी तथा कर्मचारीहरु
- राजनैतिक दलका स्थानीय कार्यकर्ताहरु
- भूतपूर्व गा.वि.स.स जनप्रतिनिधिहरु
- गा.वि.स. सचिवहरु

### ३.८ तथ्यांकको प्रशोधन (**Data Processing**)

शोधकार्यको लागि अध्ययन क्षेत्रबाट नमूना प्रश्नावलीको प्रयोग गरेर तथ्यांकको संकलन पश्चात प्रशोधनको कार्य गरिएको थियो । अध्ययनको क्रममा प्रयोग गरिएका प्रश्नहरु र प्राप्त उत्तरहरुलाई जस्ताको त्यस्तै प्रयोग गरी भाषागत सिलसिला मात्र मिलाइएको छ ।

अध्ययन अनुसन्धानको सफलता संकलन गरिएका तथ्यांकहरुको प्रभावकारीता विश्लेषणमा तथा प्रस्तुतिकरणमा भर पर्छ तसर्थ जगनाथ गाविसका वडा नं. २,३,४,७ र ८ मा अलग अलग ग्रुपमा बसेका दमाईहरुको सामाजिक, संस्कृतिक शैक्षिक तथा आर्थिक अवस्था बारे अध्ययन गर्ने क्रममा सर्व प्रथम यस संग सम्बन्धित जानकारी संकलन गरिएको थियो । यसरी प्राप्त तथ्यांकहरुलाई तालिका, वृत्त चित्रको आधारमा विश्लेषण तथा व्याख्या गरी निश्कर्षमा पुगिएको छ । संख्याात्मक रुपमा प्राप्त तथ्यांकहरुलाई सामान्य अंकगणितीय शुत्रद्धारा प्रतिशतको आधारमा विश्लेषण गरिएको छ । यी तथ्यहरु प्रस्तुत गर्दा बर्णानात्मक पक्षलाई जोड दिएता पनि विश्लेषणात्मक पक्षलाई पनि विशेष जोड दिइएको छ ।

# अध्याय-४

## ४.अध्ययन क्षेत्रको अवस्थिति (Setting of the Study area)

### ४.१ अध्ययन क्षेत्रको परिचय :

दैलेख मध्यपश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगतको भेरी अञ्चलको पहाडी जिल्ला हो । ज्वालामुखीको चिन्ह पाइने नेपालको एक छुट्टै पहिचान भएको जिल्लाको रुपमा चिनिन्छ । अनन्त कालदेखि बलिरहेको ज्वाला एवं पञ्चकोशी तीर्थस्थलद्धारा धार्मिक एवं ऐतिहासिक महत्त्व राख्ने दैलेख जिल्ला प्राकृतिक रुपमा एवं सांस्कृतिक रुपमा पनि त्यत्तिकै महत्त्वपूर्ण स्थलको रुपमा चिनिन्छ । विभिन्न अनुसन्धानकर्ताका अनुसार प्रेट्रोलियम पदार्थ अटुट रुपमा बलिरहेको संकेत पनि गर्दछ यो ज्वालामुखीले । खस राज्यको शीतकालिन राजधानीको रुपमा रहेको दुल्लूले दैलेखको ऐतिहासिक महत्त्वलाई थप उचाईमा पुऱ्याएको छ । ऐतिहासिक, प्राकृतिक, संस्कृतिक र भौगोलिक समग्र पक्षबाट दैलेखको आफ्नै पहिचान एवं विशिष्टता रहेको पाइन्छ ।

वि.सं. २००९ साल भन्दा पहिले अछाम, जाजरकोट र सुर्खेतका केही क्षेत्र यो जिल्लमा समावेश गरेको भएता पनि वि.सं. २०१९ सालपछि केही भाग कटाएर वर्तमान अवस्थामा रहेको भौगोलिक बनावट अनुसारको स्वरुप तयार गरिएको हो । जिल्लाको नाम सम्बन्धमा विभिन्न किंवदन्ति अनुसार पौराणिक कालमा दधिचि नामक महर्षिले तपस्या गरी बसेको हुनाले उनको नामबाट दधि लेख रहन गएको र पछि अपभ्रंश हुदै दैलेख भएको कथन छ । अर्को भनाई अनुसार यो क्षेत्र देवताहरुको निवासस्थान भएकोले देवलोकबाट पछि विस्तारै दैलेख भएको भनिन्छ । त्यसै गरी अर्को कथन अनुसार यहाँ प्रसस्त मात्रामा पशुपालन हुने र प्रशस्त्र मात्रामा दही दुध पाइनृ भएकोले दहीको लेख भई दैलेख नामाकरण भएको हो भन्ने भनाई पनि छ । यसरी विभिन्न भनाईहरुबाट खास गरी के बुझिन्छ भने दैलेख जिल्ला देवताहरुको बासस्थान भएको र बढी मात्रामा किसानको बस्ती भएकाले दैलेख जिल्लाको आफ्नै किसिमको मौलिक इतिहास चलिआएको छ । यस जिल्लामा रहेको विभिन्न नदीनाला जस्तै छामघाट खोला, लोहोरे खोला, कट्टी खोला, द्धारीको झरना, ऐतिहासिक धार्मिक स्थल, सुन्तला खेतीको लागि उर्वर भूमि यहाँको गाउँ पिच्छे विभिन्न भाषाशैलीले दैलेख जिल्ला एउटा छुट्टै जिल्लाको रुपमा परिचित छ । धर्म र संस्कृतिको रुपमा हेर्ने हो भने पनि दैलेख जिल्लाको स्थान कम

छैन । यहाँका लोकदेउडा, विभिन्न किसिमका संस्कृति र रितिरिवाज, सामाजिक मुल्य र मान्यताले पनि यो जिल्लाको महत्त्व त्यत्रिकै उचाईमा पुऱ्याएको पाइन्छ । नेपाल अधिराज्यमै सावर (छाला)को लागि ख्यातिप्राप्त जिल्लाको रुपमा चिनिने जिल्ला पनि दैलेख नै हो । (जि.वि.स. स्मारिका २०६२)

## ४.२ भौगोलिक अवस्था :

दैलेख महाभारत श्रृखलाको उत्त्री भेकमा अवस्थित दुर्गम पहाडी जिल्ला हो । मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम वीरेन्द्रनगर देखि १५ कोष उत्तर र राजधानी काठमाडौंबाट करिब ७६७ कि.मि. पश्चिमपट्टि रहेको छ । भेरी अञ्चलका ५ वटा जिल्ला मध्ये सबै भन्दा सानो १,५०२ वर्गमिटर क्षेत्रफ भएको जिल्ला हो । अक्षांशिय फैलावट २८$^{\circ}$३५' उत्तरदेखि २९$^{\circ}$८' उत्तर र देशान्तर ८१$^{\circ}$२५'देखि ८१$^{\circ}$५३' पूर्व सम्म फैलिएको छ । उचाईको हिसावले समुन्द्र सतहदेखि ५४४ मिटर तल्लो डुङ्गेश्वर देखि ४१६८ मिटर महाबु लेकसम्म फैलिएको छ । धरातलीय स्वरुप हेर्दा ८० प्रतिशत धरातल पहाडी प्रदेशमा र २० प्रतिशत भू-भाग उच्च पहाडी क्षेत्रमा अवस्थित छ ।
यसरी पहाडी प्रदेश भित्र फैलिएको यस जिल्लाका छिमेकी जिल्लाहरुमा पूर्वमा जाजरकोट, पश्चिममा अछाम, उत्तरमा कालिकोट र दक्षिणमा सुर्खेत पर्दछन् । राजनैतिक हिसावमा २ वटा निर्वाचन क्षेत्र, ११ वटा इलाका, ५५ गा.वि.स. र १ नगरपालिकामा विभाजन गरिएको छ ।

पहाडी जिल्ला भएकोले यहाँको हावापानी औषतमा समशीतोष्ण खालको छ । तापक्रम अधिकतम् ३४$^{\circ}$ देखि न्यूनतम ५$^{\circ}$ सम्म पुगेको पाइन्छ । कृषि योग्य भूमि केवल २८.७ प्रतिशत रहेको यस जिल्लाको कृषि योग्य भूमिको अधिकांश भू-भाग फलफूल खेतीको निम्ति उपयुक्त छ । यस जिल्लामा फलफूलमा सबै भन्दा बढी सुन्तला खेती व्यवसायिक रुपमा समेत गरेको पाइन्छ । त्यसैले यस जिल्लालाई सुन्तलाको जिल्ला पनि भनेर चिनिन्छ । यसरी यहाँको भूमि उर्वर भएता पनि यहाँको खेती प्रणाली भने परम्परागत भएको कारण कृषिमा भने जति उत्पादन गर्न सकिएको छैन । विभिन्न ठाउँमा ठूला-ठूला खोलानाला भएता पनि त्यसबाट सिंचाईको व्यवस्था नहुनाले खेती केवल बर्षाको पानीको भरमा मात्र सिमित छ । यति मात्र नभएर नेपालकै सावर (छाला) पाउने जिल्लाको रुपमा पनि प्रख्यात छ । यस जिल्लामा उत्पादित सावर नेपालका अधिकांश क्षेत्रमा व्यापार गर्न सफल छ । त्यस्तै विभिन्न किसिमका जडिबुटीको लागि पनि यो जिल्ला प्रख्यात छ । यहाँका अधिकांश जनता कृषिमा निर्भर भएता पनि विभिन्न ठूला-ठूला पोष्टमा समेत रोजगारी गरेको पनि पाइन्छ । यस

जिलाका युवा वर्ग बैदेशिक रोजगारको सिलसिलामा विभिन्न देशहरुमा जाने गरेका छन् । समग्रमा हेर्ने हो भने जिल्लाबासीको आर्थिक अवस्था न्यून नै देखिन्छ । किनकी सबैको आर्थिक अवस्था एउटै स्तरको छैन ।

## ४.३ सामाजिक अवस्था

जातीय एवं सांस्कृतिक विविधताले भरिपूर्ण यस जिल्लाका अधिकांश बासिन्दाहरुको सामाजिक रितिरिवाज हिन्दु धर्ममा आधारित छ । शैक्षिक दृष्टिले यहाँका ४७.४ प्रतिशत मानिसहरु मात्र शिक्षित छन् । जसको कारण परम्परागत रुपमा चलिआएको चालचलन पनि एक हो । जस्तो महिला सुत्केरी हुदा, नछुने हुदा, प्रसुति अवस्थामा समेत पूराना मूल्य र मान्यता अनुसार अहिले पनि घर भित्र पस्न नदिने चलन विद्यमान रुपमा पाइन्छ । जन्म मृत्यु संस्कार पनि सनातन हिन्दु धर्म प्रणालीमा आधारित छ । कूल देवताको पूजा गर्न, धामीझाँक्री, बोक्सी र भूतप्रेत मसान जस्ता अज्ञात शक्तिमा विश्वास गर्ने, मन्त्र जादु,टुनाहरुमा विश्वास राख्ने यहाँको पूर्ख्यौली चलन अझ पनि निरन्तर रुपमा चलेको पाइन्छ । वैवाहिक प्रक्रिया हेर्दा मागी विवाह। स्वेच्छिक विवाह, बहुविवाह, जारी विवाह, अदालती विवाह गरेको पाइन्छ । उमेरको हिसावमा औषत १५ वर्ष पुगेका केटाकेटीहरु समेत विवाह गरेको पाउनु परम्परागत सामाजिक संस्कृतिक संरचनायुक्त समाजको प्रतिविम्ब हो भन्न सकिन्छ । भाषाको दृष्टिकोणले हेर्दा स्थानीय  रैथाने भाषा सिंजाली खस भाषाको प्रयोग गरेको पाइन्छ भने नेपाली भाषा सबैको साझा भाषाको रुपमा बोलिन्छ । यसै गरी मगर समुदायमा कतै-कतै मगर भाषाको समेत प्रयोग गरेको पाइन्छ । जन्म मृत्यु विवाह चाडपर्व आदि पनि जाती अनुसार फरक रहेको पाइन्छ । यसरी सामाजिक रुपमा हेर्दा पनि यो जिल्ला विविधताले भरिएको जिल्ला हो ।

## ४.४ आर्थिक अवस्था :

जिल्लाको कूल २,२५,२०१ जनसंख्या मध्ये आथिक रुपले सक्रिय जनसंख्या ४४.७ प्रतिशत रहेको छ । यस जिल्लाका अधिकांश जनताहरुको जिविकोपार्जनको मुख्य पेशा कृषि नै रहेको ९२ प्रतिशत जनता कृषिमा संलग्न रहेको तथ्यबाट पुष्टि हुन्छ । ८ प्रतिशत जनता मात्र अन्य पेशा व्यवसाय वा रोजगारीमा आधारित छन् । यस जिल्लाको कुल भूभागको २८.६४ प्रतिशत भूमिमात्र खेती योग्य रहेको छ । परम्परागत कृषि प्रणाली, आकाशे पानीमा निर्भर हुनु पर्ने बाध्यता भिरालो

बलौटे जमिनका कारण प्रयाप्त मात्रामा कृषि उत्पादन नहुनाले करिब १७ प्रतिशत मानिसहरुले वर्षभरीलाई खाना पुग्ने उत्पादन गरेको पाइन्छ । यसैगरी करिब १७ प्रतिशत व्यक्तिहरुलाई उत्पादनको ६ महिनासम्म हातमुख जोर्न पुग्छ भने ४६ प्रतिशत मानिसहरुलाई ६ महिना भन्दा कम खाना पुग्ने खेती उत्पादन हुने तथ्यले यस जिल्लाको कमजोर आर्थिक स्थिति प्रष्ट्याउछ । मुख्यतया कृषि उपजमा भैसीको घिउ एवं वन्य जडिबुटी लेकाली भेकका बासिन्दाहरुको आयआर्जनको स्रोत देखिन्छ भने होचो पहाडी भेकमा सुन्तला खेतीले केही सहयोग गरेको पाइन्छ । समग्रमा हातमुख जोडाईको समस्यामा संघर्षरत दैलेखी बासीको आर्थिक स्थिति कमजोर छ । जसको प्रत्यक्ष प्रभाव शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा परेको देखिन्छ ।

**४.५ जनसंख्या स्थिति :**

राष्ट्रिय जनगणना २०५८ अनुसार जिल्लाको कुल जनसंख्या २,२५,२०१ रहेकोमा पुरुषको संख्या १,१०,१२५ र महिला संख्या १,१५,०६६ रहेको छ । जसमध्ये दमाई जातीको जनसंख्या ९,९९९ अर्थात ४.४५ प्रतिशत रहेको छ । जिल्लाको जातीगत जनसंख्या निम्नानुसार रहेको छ :

**तालिका नं. १**

**जातिय आधारमा जिल्लाको जनसंख्या वर्गिकरण**

| क्रं.सं. | जाति | जनसंख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | क्षेत्री | ७८,३०३ | ३४.७८ | |
| २ | कामी | ३४,६२६ | १५.३८ | |
| ३ | ठकुरी | ३१,७४३ | १४.०९ | |
| ४ | ब्राहृमण | २६,७९७ | ११.९० | |
| ५ | मगर | २१,८०५ | ९.६९ | |
| ६ | दमाई | ९,९९९ | ४.४५ | |
| ७ | सुनार | ६,४२९ | २.८५ | |
| ८ | सार्कि | ६,३७८ | २.८३ | |
| ९ | सन्यासी | ३,०३५ | १.३५ | |
| १० | नेवार | ८५४ | ०.३८ | |
| ११ | वादी | ३३१ | ०.१४ | |
| १२ | कुमाल | २६७ | ०.११ | |
| १३ | तमाङ. | २५९ | ०.१० | |
| १४ | गाईने | ४४ | ०.०१ | |
| १५ | अन्य | १२१९ | ०.५४ | |
| | **जम्मा जनसंख्या** | **२,२५,२०१** | **१००** | |

**स्रोतः आवधिक जि.वि.स. योजना २०५९**

## ४.६ जगनाथ गाविसको इतिहास

जगनाथ गाविस २०३८ सालभन्दा पहिले मेहेलतोली गाविससंग थियो । पछि भौगोलिक हिसावले ठूलो भएकाले र राजनीतिक हिसावले मेहेलतोली गाविसलाई अलग गराई जगनाथ गाविस मा परिणत गरियो । खास गरी जगनाथ गाविस जिल्लाको पूर्व भागमा रहेको सबैभन्दा टाढाको गाविस

हो । यो सदरमुकामदेखि ११ कोष टाढा रहेको छ । यस गाविसको नाम कसरी जगनाथ राखियो भन्ने बारेमा खासै त्यस्तो पौराणिक तथ्य नभएता पनि पहिलेदेखि मानी आएको जगनाथ महावै देवता भएको र त्यस गाविसका अधिकांश सोही देवता मान्ने भएकाले त्यही देवताको नामबाट यस गाविसको नाम राखिएको हो ।

यो गाविस जिल्लाको सबै भन्दा पिछडिएको गाविस अन्तर्गत पर्ने गाविस हो । यस गाविस सम्म पुनको लागि जिल्ला सदरमुकाम देखि ६ घण्टा हिड्न पर्छ । यस गाविसमा अहिलेसम्म मोटरबाटो पुग्न सकेको छैन । संचारको माध्यम भनेको सि.डि.एम.ए. फोन संचालित छन् । शैक्षिक हिसावमा यो गाविस निकै पछाडी छ । हालसम्म एक जनाले उच्च शिक्षा हासिल गर्न नसकेको अवस्था छ । धार्मिक हिसावमा मालिका बज्यैको मन्दिर, जगनाथ महावैको थान (मन्दिर), देउराली बज्यैको मन्दिर आदि छन् भने भौगोलिक हिसावमा यो गाविस साह्रै पारिलो ठाउँ छ भने बाँकी ठाउमा ओसिलो जमिन छ । वडा नं. १ अर्न्तगत पर्ने बाख्रेखोलादेखि वडा नं. ८ मा पर्ने छिउडी खोलासम्म यसको सिमाना रहेको छ । दक्षिणमा कट्टी गाविस र पश्चिममा मेहेलतोली, रुम गाविस अवस्थित छन् । यहाँको हेर्न लायक ठाउँ सातमुले जहाँ सातवटा पानीका मुहान संगसंगै रहेका छन् । जहाँको पानी वडा नं. २,३,४ लाई खाने पानीको व्यवस्था समेत गरिएको छ । भैरीलेक, मेहेली चौर, लामाडांडा, तरपरे, गौथल्या, चमेरेदुला जस्ता ठाउँ साँच्चिकै हेर्न लायक छन् । चमेरेदुला (चमेरा बस्ने गुफा) संचारबाट टाढा भएकाले यसको प्रचार प्रसार हुन सकेको छैन । यस गुफाको अन्तिम विन्दु कहाँ छ अहिलेसम्म स्थानीय बासिन्दाहरुले पत्ता लगाउन सकेका छैनन् भने प्रचार प्रसारको अभावको कारण बाह्य पर्यटकहरु यहाँ आएका छैनन् । यसको भित्र जाने हो भने केवल चमेरा कराएको मात्र आवाज आउछ । स्थानीयबासीको भनाई अनुसार अहिलेसम्म त्यस गुफाको १०० मिटर भन्दा भित्र जान सकिएको छैन । यसरी यो गाविस भौगोलिक हिसावमा पनि साञ्है सुन्दर छ । यसको वनमा खासगरी साल, जमुन, धुपिसल्ला, सल्ला, कटुस, गुराँस, काफल, उत्तिस आदि प्रशस्त मात्रामा पाइन्छन् ।

यस गाविसको शैक्षिक स्तरलाई उकास्नको लागि अहिले निकै प्रयासका बाबजुद एउटा मावि एउटा निमावि र ४ वटा प्रावि विद्यालयहरु संचालन भएका छन् । उपस्वास्थ्य चौकी, अतिरिक्त हुलाक, विभिन्न गैरसरकारी संस्थाहरुबाट विभिन्न कार्यक्रम संचालन भएका छन् ।

यस गाविसमा विभिन्न जातीहरुको बसोबास रहेको पाइन्छ । खास गरी करिब ६ सय वर्ष पहिले मनोरथ अधिकारीले बसोबास शुरु गरेको यस ठाउँमा तिरुवा, दमाई जातीलाई बोलाई उक्त स्थानमा

बसोबास गर्न लगाएका थिए । त्यसपछि बुढाक्षेत्री , ठकुरी, रावत,अन्यत्र स्थानबाट बसाई सरी आएका थिए । यस गाविसको वडा न.. ७,८ र९ मा अधिकांश थापा समुदायको बसोबास रहेको छ भने यिनीहरु कहिले र कसरी आए भन्ने कुराको जानकारी पाउन सकिएको छैन । यसरी विभिन्न ठाउँबाट बसाई सरी आउने क्रममा यो गाविस निर्माण हुन सफल भएको सुन्न पाइन्छ ।

सामाजिक र संस्कृतिक भेषभूषा, भाषाशैली आफ्नै किसिमको छ । यहाँका अधिकांश जनता कृषिमा निर्भर छन् । रोजगारीको माध्यम भनेको खेतीपाती, पशुपालन र नगन्य रुपमा सरकारी सेवामा नोकरी गरेका छन् । हाल रोजगारीको सिलसिलामा बैदेशीक रोजगारीमा काम गर्न यूवाहरु त्यत्तातिर आकर्षिक भएका छन् । शैक्षिक स्तर हेर्ने हो भने गाविस भरीमा ३,४ जना स्नातक सम्मको २०,२५ जना आइ ए सम्मको शिक्षा आर्जन गरेको देखिन्छ ।

यस गाविसमा सबै भन्दा पिछडिएको जाती अन्तरगत दमाई जाती नै हो । यो जातीको पेशा अर्थात जीवन गुजारा भनेको केवल बालीघरे काम गर्न बर्षभरीमा कपडा सिलाउने जसको बदलामा माना पाथी लिने र त्यही माना पाथीको भरमा जीवन गुजारा गर्न बाध्य छन् । दमाई जातीको बस्ती वडा नं. २,३,४,७,८ मा गरी जम्मा २० घरपरिवार रहेको देखिन्छ । यो जातीका मानिसहरु गैरदलितबाट शोषित नै छन् भने दलित समुदायबाटै पनि शोषित जाती हो । दलित जाती भित्र पनि सानो र ठूलो भन्ने भावना छ । जस्तै कामी, विश्वकर्मा, सुनारले दमाई जातीलाई आफ्नो घरभित्र जान नदिने, पानी नचल्ने, छोएको नखाने व्यवहार गरेका छन् । त्यसैले यो पिछडिएको दमाई जातीको जीवनस्तर सुधार गर्न के गर्न सकिन्छ ? किन दलित दलित पनि भेदभाव भन्ने बारेमा अध्ययन गर्न रुचि भएकाले आफ्नो अध्ययनको क्षेत्र यसैलाई छनोट गरिएको हो । यो सानो अनुसन्धानले सबै ठाउँमा सहयोग नपुग्ला तर सो क्षेत्रमा बस्ने दमाई जातीमा भने केही परिवर्तन र चेतनाको स्तर फरक गर्न सकिन्छ र त्यो समाजलाई रुपमान्तरण गर्न सकिन्छ भन्ने आशा गरिएको छ । जगनाथ गाविसको जातीय जनसंख्यालाई घरधुरीको आधारमा वर्गिकरण गरिएको छ ।

**तालिका नं. २**

**जातीय आधारमा जगनाथ गाविसको घरधुरीको वर्गिकरण**

| क.स | जाती | घरधुरी | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | कामी | १४१ | २७.३३ | |
| २ | नेपाली (दमाई) | २० | ३.८८ | |
| ३ | सार्की | ३ | ०.५८ | |
| ४ | खत्री | ३९ | ७.५६ | |
| ५ | खड्का | ५ | ०.९७ | |
| ६ | बाहुन | ४१ | ७.९५ | |
| ७ | ठकुरी | ७५ | १४.५३ | |
| ८ | बुढा | ६१ | ११.८२ | |
| ९ | थापा | १०५ | २०.३५ | |
| १० | रोकाय | १० | १.९४ | |
| ११ | रावत | ६ | १.१६ | |
| १२ | ओली | १० | १.९४ | |
| | जम्मा | ५१६ | १०० | |

**स्रोत:** गाविसको जातीगत नक्सा २०६५

### ४.७ दमाई जातीको सामाजिक अवस्था :

दमाई जाती खास गरी दलित अर्न्तगत पनि दलितमा पर्दछ । सामाजिक रुपमा तिनीहरुको खास कुनै किसिमका हैषियत छैन तर समाजमा भएका विभिन्न कार्यक्रममा तिनीहरको प्रमुख भूमिका रहेको छ । विवाह होस वा कसैको मृत्यु होस त्यस काममा बाजा बजाउन दमाई जातीकै खोजी गरिन्छ । समाजमा जातीय छवाछुत तिब्रं रुपमा चलिरहेको छ । अध्ययनको क्रममा यो पनि पाइयो । जुन दलित जाती छन् । त्यसमा पनि ठूलो सानो भन्ने भावना भएको पाइयो । जस्तो कामीले दमाईलाई घर भित्र पस्न नदिने , छुईछिटो हाल्ने जस्ता अपहेलित सहनु परेको यथार्थता पनि पाइयो ।

### ४.८ दमाई जातीको संस्कृतिक अवस्था :

दमाई जाती धार्मिक दृष्टिकोणले हिन्दु धर्मालम्बीहरु नै हुन । अहिलेको समय परिवर्तन संगै धर्म परिवर्तन गरेर केही संख्यामा क्रिश्चियन धर्मालम्बी भएको पनि पाइयो । त्यसैले दमाई जातीको मूख्य चाडपर्व, मृत्यु संस्कार, जन्म संस्कार, पनि हिन्दु धर्म अनुसार चलेको पाइन्छ । अन्य जातीले मनाउने चार्ड पर्व दमाई जातीले पनि मनाउने गरेको पाइन्छ । उनीहरुको मृत्युसंस्कार पनि केही फरक खालको पाइयो । पहिले पहिले ३ दिनमात्र जुठो वार्ने गर्दथे भने आजभोली ७ दिन सम्म बार्ने गरेको पाइयो । उनीहरु हिन्दु धर्मालम्बी भएकोले मुख्य चाड दशैं र तिहार नै मान्ने गर्दछन् । बाजा बजाउने पेशा भएका कारण चाडपर्वहरुमा अन्य जातीका घर आगनमा गई बढाई गर्ने गरेको पनि पाइयो । भाषा, भेषभूषा, लवाईखवाई अन्य जातीसंग मिले पनि उनीहरु अन्य जातीकहाँ गएर आफूलाई चाहिएको समानहरु मागेर ल्याउने, साना पर्वहरु जस्तै सक्रान्ति, पूर्णिमा, औसी आदिमा पनि घर घरमा गइ अन्न तथा आवश्यक समानहरु माग्ने गर्दछन् ।

### ४.९ दमाई जातीको आर्थिक अवस्था :

दमाई जाती अध्ययन क्षेत्रको सबै भन्दा पिछडिएको जाती हो । दमाई जातीको आर्थिक स्थिति कमजोर छ । यिनीहरुको आर्थिक स्रोत भनेको बालीघरे कपडा सिलाउनु नै मुख्य हो । अहिले त्यसले मात्र खान नपुग्ने भएकाले अन्य पेशा पनि अपनाएको देखिन्छ ।

### ४.१० दमाई जातीको संस्कृतिक अवस्था :

दमाई जातीको सामाजिक संस्कृतिक अवस्थालाई अध्ययनबाट के प्रष्ट भयो भने जसरी अन्य जातीको हिन्दु सनातन धर्म अनुसार मात्र रितिरिवाज चालचलन भेषभूषा बोली चाली एउटै भएता पनि केही मान्यताहरु भने फरक छन् ।

### ४.११ मृत्यु संस्कार

यो जातीमा मृत्यु संसकार पनि अरु जाती भन्दा अलि फरक रहेको कुरा स्थलगत अध्ययन र प्रश्नावलीबाट प्रष्ट भयो । यो जातीको मृत्यु भएमा पहिले तीन दिन मात्रै नुन नखाने गरेका थिए तर अहिले आएर ७ दिन जति नुन नखाने गरेको र किरिया गर्न थालेको पाइयो । कोही घरपरिवार अझ आर्थिक रुपमा बलिया घरपरिवारका सदस्यहरले १० दिनसमम नै जुठो बार्ने गरेको पनि पाइयो । यसरी समय र आर्थिक अनुसार मृत्यु संस्कारमा पनि परिवर्तन हुदै आएको छ ।

### ४.१२ दमाई जातीको जन्म संस्कार

दमाई जातीको जन्म संस्कार हिन्दु सनातन धर्म अनुसार नै गरेको पाइयो । यो जातीमा पनि अन्य जाती झै छोरा भएमा बढी खुसी हुने र त्यही अनुसारको संस्कार गर्ने तर छोरी भएमा कुनै पनि संस्कार नगर्ने गरे पनि केवल औपचारिकता मात्र निभाउने गरेको पाइयो । छोरा जन्मेको ९ दिनमा न्वारन गर्ने गरेको पाइयो भने यसबाट के प्रष्ट हुन्छ भने यो जातीमा पनि अन्य जाती झै लैङ्गिक विभेद रहेको देखिन्छ ।

### ४.१३ दमाई जातीको चाडपर्व

दमाई जातीले खास गरी अन्य हिन्दु समाजले जुन किसिमको संस्कार अनुसार चाडपर्व मनाउने यो जातीको पनि त्यसरी नै मनाउने गरेको पाइयो । यो जातीले पनि बडादशैं भव्यताका साथ मनाउने गरेको पाइयो भने दोस्रो तिहार तीज कृष्ण जन्माअष्टमी आदी मनाउने गरेको पाइयो ।

# अध्याय-५

## ५. तथ्यांङ्कको व्याख्या र विशलेषण (Data analysis and presentation)

यस भागमा खास गरी के उल्लेख गरिएको छ भने व्यक्तिगत रुपमा अध्ययन क्षेत्रमा गएर अध्ययनकर्ताले संकलन गरेका तथ्यांकहरुलाई आवश्यक अनुसार तालिका स्तम्भ चित्र लगायत बृत चित्रद्धारा व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ। यसको व्याख्या खास गरी अनुसन्धानमा गरिएका प्रश्नावली अवलोकन तथा स्थलगत सर्वेक्षणबाट सत्य तय कुरा पत्ता लगाउने प्रयास गरिएको छ।

### ५.१ लिंगको आधारमा उत्तरदाताहरुको वर्गिकरण

अध्ययन क्षेत्रमा बसोबास गर्ने दमाई जातीको जनसंख्या शोधपत्र तयार पार्ने क्रममा गरिएको स्थलगत अवलोकन एवं सर्वेक्षणबाट के देखिन आएको छ भने जगनाथ गाविसमा बसोबास गर्ने दमाई जातीको लिंगको आधारमा विभाजन गरी निम्न अनुसार व्याख्या गरिएको छ।

**तालिका नं. ३**


**लिंगको आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क्र.सं. | लिङ्ग | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | पुरुष | १५ | ७५ | |
| २ | महिला | ५ | २५ | |
| | जम्मा | २० | १०० | |

स्रोत स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका नं. ३ ले अध्ययन क्षेत्रको महिला र पुरुष उत्तरदाताहरुको विवरण देखाउंछ। सो बमोजिम १५ जना पुरुष उत्तरदाता र ५ जना महिला उत्तरदाताहरुसंग प्रश्नहरु सोधिएको थियो।

स्तम्भ चित्र नं. १



## ५.२ धर्मको आधारमा उत्तरदाताहरुको वर्गिकरण

विश्वमा धर्म मानव समुदायले प्राचिन कालदेखि मान्दै आएको पाउन सकिन्छ । प्राचिन काल देखि अहिलेको २१ औ शताव्दी सम्म यसले समाजलाई संगठित गर्न अगाडि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। जगनाथ गाविसको अध्ययनको क्रममा दमाई जातीले मान्ने धर्म सम्वन्धमा निम्न अवस्था रहेको पाईयो ।

**तालिका नं. ४**


**धर्मको आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क्र.सं. | धर्म | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | हिदु | १७ | ८५ | |
| २ | बौद्ध | - | - | |
| ३ | क्रिश्चियन | ३ | १५ | |
| ४ | अन्य | - | - | |
| | जम्मा | २० | १०० | |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

माथिको तालिकामा नं. ४ ले उत्तरदाताहरुसंग धर्म सम्वन्धमा सोधिएको छ जसमा सवभन्दा बढि ८५ प्रतिशतले हिन्हु धर्म, १५ प्रतिशतले क्रिस्चियन र अन्य धर्म मान्ने नभएको पाईयो । समग्रमा अध्ययन क्षेत्रमा रहेका दमाई जातीहरु हिन्दु धर्म मान्दछन् ।

**बृत्त चित्र नं. १**



## ५.३ विवाहको आधारमा उत्तरादाताहरुको वर्गिकरण

विवाह विश्वव्यापी प्रक्रिया हो विवाह विपरित लिंग विचको सम्वन्ध हो । जो सम्वन्ध रगतको नाता भन्दा बलियो हुन्छ । विवाह मानव जातीको सम्पन्न गरिने १६ संस्कार मध्ये एक हो । विवाहका प्रकारलाई निम्न तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं. ५**


**विवाहको आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क्र.सं. | विवाहको प्रकार | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | एकल विवाह | १५ | ७५ | |
| २ | बहुविवाह | ३ | १५ | |
| ३ | विधुवा विवाह | - | - | |
| ४ | अन्तरजातीय विवाह | २ | १० | |
| | जम्मा | २० | १०० | |

स्रोत : स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका नं.५ ले विवाहको अवस्थालाई देखाउंदछ । उत्तरदाताहरुका अनुसार सवभन्दा धेरै ७५ प्रतिशत एकल विवाह गरेको पाइयो, १५ प्रतिशत बहुविवाह गरेको पाइयो र १० प्रतिशतले अन्तरजातिय विवाह गरेको पाईयो ।

बृत्त चित्र नं. २



### ५.४ पेशाका आधारमा उत्तरदाताहरुको वर्गिकरण

नेपाली समाजमा सामाजिक सांस्कृतिक पृष्ठभूमि अनुसार पेशा अगाल्दै आएको देख्न सकिन्छ। त्यस्तै गरी दमाई जातिको पनि आफ्नै परम्परागत पेशा गर्दै आईरहेको पाइन्छ । वास्तवमा जिवन गुजारा गर्नका लागि गरिने क्रियाकलापलाई पेशा भनिन्छ। पेशाका आधारमा दमाई जातीले अहिलेको बदलिदो समय अनुसार विविध किसिमका पेशा अवलम्बन गरेको देखिन्छ जसलाई तालिका न. ४ मा स्पष्ट पार्न खोजिएको छ।

**तालिका नं. ६**


**पेशाका आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क्र.सं. | पेशाका प्रकार | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि | २ | १० | |
| २ | परम्परागत व्यवसाय | १३ | ६५ | |
| ३ | नोकरी | १ | ५ | |
| ४ | ज्यालादारी | ४ | २० | |
| | जम्मा | २० | १०० | |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका नं. ६ ले पेशाका आधारमा उत्तरदाताहरुको वर्गिकरणलाई देखाउंछ। ६५ प्रतिशत उत्तरदाताहरु परम्परागत व्यवसाय तिर नै उन्मुख भएको देखिन्छ भने २० प्रतिशत ज्यालादारी, १० प्रशितशत कृषि र ५ प्रतिशत नोकरी पेशा अवलम्वन गरेको पाईयो।

**स्तम्भ चित्र नं. २**



## ५.५ परिवारको आकारका आधारमा उत्तरदाताहरुको वर्गिकरण

परिवार भन्नाले एउटै भान्सामा एकै छानामुनि वसोवास गर्ने, साझा सम्पत्तिको उपयोग गर्ने एक सामाजिक संस्था हो । परिवारको उत्पत्ति प्राचिन समय देखि भएको हो । परिवार संसारको सवै समाज र संस्कृतिमा पाईन्छ  यो विश्वव्यापी संस्था हो । वच्चा जन्माउन र हुर्काउन निश्चय गरिएको यौन सम्वन्धको आधार नै परिवार हो । परिवारको आधारमा निम्न बमोजिम विभाजन गरिएको छ । जसलाई तालिका तथा स्तम्भ रेखाबाट सजिलै प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं. ७**


**परिवारको आकारका आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क.सं. | परिवारको आकार | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | ३ भन्दा कम | ४ | २० | |
| २ | ३ देखि ५ सम्म | ९ | ४५ | |
| ३ | ६ देखि माथि | ७ | ३५ | |
| | जम्मा | २० | १०० | |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका नं. ७ ले परिवारको आकारको आधारमा उत्तरदाताहरुको वर्गिकरणलाई देखाएको छ । ३ देखि ५ जनाको परिवार संख्या अन्तर्गत ४५ प्रतिशत रहेको पाईयो, ६ देखि माथि परिवार संख्या भएको ३५ प्रतिशत पाईयो र ३ जना भन्दा कम परिवार संख्या भएको २० प्रतिशत पाईएको थियो ।

**स्तम्भ चित्र नं. ३**



## ५.६ आम्दानीको आधारमा उत्तरदाताहरुको वर्गिकरण

आम्दानीले मानव समाजलाई प्रत्यक्ष प्रभाव पार्दछ । यसैका आधारमा स्तर निर्धारण हुने गर्दछ । अध्ययन क्षेत्रमा बसोबास गर्ने दमाई जातीको आम्दानीको आधारमा वर्गिकरण गरिएको तलको तालिकाबाट हेर्न सकिन्छ ।

**तालिका नं. ८**


**आम्दानीको आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क.सं. | आम्दानीको विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | १०,००० भन्दा कम | ७ | ३५ | |
| २ | ११,०००-२०,००० | ६ | ३० | |
| ३ | २१,०००-५०,००० | ४ | २० | |
| ४ | ५१,००० देखि माथि | ३ | १५ | |
| | जम्मा | २० | १०० | |

स्रोत स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका नं. ८ ले आम्दानीका आधारमा उत्तरदाताहरुको वर्गिकरणलाई देखाएको छ । वार्षिक १०००० भन्दा कम आम्दानी हुने उत्तरदाताहरु ३५ प्रतिशत रहेको, ११ हजार देखि २० हजार सम्म वार्षिक आम्दानी हुने उत्तरदाताहरु ३० प्रतिशत, २१ देखि ५़० हजार सम्म वार्षिक आम्दानी हुने उत्तरदाताहरु २० प्रतिशत र ५१ हजार देखि माथि वार्षिक आम्दानी हुने उत्तरदाताहरु १५ प्रतिशत रहेको पाईयो ।

**स्तम्भ चित्र नं. ४**



## ५.७ जग्गाको आधारमा उत्तरदाताहरुको वर्गिकरण

स्थलगत अवलोकन विभिन्न प्रश्नावलीको माध्यमबाट के पाइयो भने दमाई जातीसंग जग्गाको स्वामित्व कति छ सो जग्गा जमिनले खान पुग्छ वा पुग्दैन भन्ने कुराको सहज अध्ययन गर्न सकिन्छ। जसलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ।

**तालिका न. ९**


**जग्गाको आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क्र.सं. | जग्गाको मात्रा (रोपनीमा) | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | ०-५ | ७ | ३५ | |
| २ | ६-१० | ५ | २५ | |
| ३ | ११-१५ | ५ | २५ | |
| ४ | १५ भन्दा माथि | ३ | १५ | |
| | जम्मा | २० | १०० | |

स्रोत: स्थलगत सर्वेक्षण: २०६५

माथिको तालिका नं. ९ ले जग्गाको आधारमा उत्तरदाताहरुको वर्गिकरण देखाईएको छ। सवभन्दा बढि जग्गा ५ रोपनी सम्म भएको उत्तरदाताहरु ३५ प्रतिशत, ६ देखि १० रोपनी सम्म जग्गा भएको उत्तरदाताहरु २५ प्रतिशत, ११ देखि १५ रोपनी सम्म जग्गा भएको उत्तरदाताहरु २५ प्रतिशत र १५ रोपनी भन्दा बढि जग्गा भएको उत्तरदाताहरु १५ प्रतिशत पाईएको थियो।

**बृत्त चित्र नं. ३**



## ५.८ घरको वनोटको आधारमा उत्तरदाताहरुको वर्गिकरण

अध्ययन  क्षेत्रमा बसोबास गर्ने दमाई जातीको आर्थिक स्थितिलाई प्रष्ट पार्नको लागि तिनीहरुका विविध पक्षको अध्ययन गर्ने सिलसिलामा घरको पनि अवलोकन निरिक्षण गरिएको थियो । त्यसबाट घरको प्रकार कस्तो छ ?जसले दमाई जातीको आर्थिक स्थितिलाई सजिलै प्रतिनिधित्व गर्न सक्छ । जसलाई तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं. १०**

**घरको वनोटको आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क्र.सं. | घरको प्रकार | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | खरको छाना भएको | ४ | २० | |
| २ | माटोको थारो भएको | २ | १० | |
| ३ | पत्थरको छाना भएको | १२ | ६० | |
| ४ | अर्काको घरमा बसेको | २ | १० | |
| | जम्मा | २० | १०० | |

स्रोतः स्थलगत अध्ययन २०६५

माथिको तालिका नं. १० घरको वनोटको आधारमा उत्तरदाताहरुको वर्गिकरण देखाईएको छ । जसअनुसार पत्थरको छाना भएको उत्तरदाताहरुको घरको संख्या ६० प्रतिशत भएको, खरको छाना भएको उत्तरदाताहरु २० प्रतिशत, माटोको थारो भएको उत्तरदाताहरु १० प्रतिशत र अर्काको घरमा बस्ने गरेको उत्तरदाताहरु १० प्रतिशत भएको पाईयो ।

## ५.९  साक्षरताको आधारमा उत्तरदाताहरुे वर्गिकरण

यस गाविसमा बसोबास गर्ने दमाई जातीको संख्यालाई शैक्षिक स्थितिको आधारमा वर्गिकरण गरिएको छ । निरक्षर अर्न्तगत केही पनि नपढेका र सामान्य भनेको अनौपचारिक शिक्षा मात्र हासिल गरेका प्रावि, मावि र एसएलसी गरी विभाजन गरिएको छ । जसलाई तलको तालिका तथा बृत्तचित्रमा प्रष्ट पार्ने प्रयास गरिएको छ ।

**तालिका नं. ११**


**साक्षरताको आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क.सं. | शिक्षा | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | निरक्षर | १० | ५० | |
| २ | प्राथमिक | ६ | ३० | |
| ३ | निमावि | ३ | १५ | |
| ४ | मावि | १ | ५ | |
| ५ | एसएलसी | ० | ० | |
| | **जम्मा** | **२०** | **१००** | |


स्रोतः स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका नं ११ ले साक्षरताको आधारमा उत्तरदाताहरुको वर्गिकरण देखाईएको छ । सवभन्दा बढि निरक्षर उत्तरदाताहरु ५० प्रतिशत रहेको, ३० प्रतिशत उत्तरदाताहरु प्राथमिक, १५ प्रतिशत उत्तरदाताहरु निमावि तहको र ५ प्रतिशत उत्तरदाताहरु मावि तहको साक्षरता भएको पाईयो भने एसएलसी हालसम्म कुनै पनि उत्तरदाताहरुले नगरेको पाईयो ।

**वृत्त चित्र ४**




**स्तम्भ चित्र नं. ५**



### ५.१० अभिभावकले पठनपाठनमा दिएको समयको आधारमा उत्तरदाताहरुको वर्गिकरण

समय नपाएको तथ्य सर्वेक्षणमा सोधिएका प्रश्नावलीबाट प्रष्ट बुझ्न सकिन्थ्यो । जसलाई तलको तालिकामा स्पष्ट पार्न खोजिएको छ ।

**तालिका नं. १२**

**अभिभावकले पठनपाठनमा दिएको समयको आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क्र.सं. | समय | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | दिन्छु | २ | १० | |
| २ | समय नै हुदैन | ८ | ४० | |
| ३ | पढाउन जान्दिन | १० | ५० | |
| | **जम्मा** | **२०** | **१००** | |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका नं.१२ ले अभिभावकले पठनपाठनका लागि आफ्ना वालवालिकाहरुलाई दिएको समयको आधारमा उत्तरदाताहरुको वर्गिकरण देखाईएको छ । सवैभन्दा बढि ५० प्रतिशत उत्तरदाताहरु पढाउन नजान्ने रहेको पाईयो, ४० प्रतिशत उत्तरदाताहरुले वालवालिकालाई पढाउने समय नभएको र १० प्रतिशत उत्तरदाताहरुले मात्र वालवालिकाहरुलाई घरमा पढाउन समय दिएको पाईयो ।

### ५.११ विचैमा विद्यालय छोड्ने वालवालिकाको आधारमा उत्तरदाताहरुको वर्गिकरण

अध्ययन क्षेत्रमा गरिएको सर्वेक्षण अनुसार दमाई जातीका बालबालिकाहरुले पढ्दा पढ्दै विचैमा विद्यालय छोड्ने विभिन्न कारणहरु रहेको पाइयो । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. १३**

**विचैमा विद्यालय छोड्ने वालवालिकाको आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क्र.सं. | विद्यालय छाड्ने कारण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | आर्थिक अभाव | ८ | ४० | |
| २ | समाजिक कारण | ५ | २५ | |
| ३ | परम्परागत काममा लागेर | ३ | १५ | |
| ४ | अन्य | ४ | २० | |
| | जम्मा | २० | १०० | |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका नं. १३ ले विचैमा विद्यालय छाड्ने वालवालिकाहरुको आधारमा उत्तरदाताहरुको वर्गिकरणलाई देखाउंदछ । ४० प्रतिशत उत्तरदाताहरुले बालबालिकाहरु विचैमा विद्यालय छोड्नु परेको आर्थिक अभावको कारण देखाएको पाईयो, २५ प्रतिशत उत्तरदाताहरुले बालबालिकाहरु विचैमा विद्यालय छोड्नु परेको सामाजिक कारण देखाएको पाईयो, १५ प्रतिशत उत्तरदाताहरुले बालबालिकाहरु विचैमा विद्यालय छोड्नु परेको परम्परागत काम गर्नु परेकोले र २० प्रतिशत उत्तरदाताहरुले बालकालिकाहरु विचैमा विद्यालय छोड्ने गरेको अन्य कारण भएको पाईयो । यसले गर्दा दमाई जातीमा हालसम्म पनि शिक्षामा सुधार हुन नसकेको प्रष्ट हुन आउछ ।

**५.१२ बालबालिकाहरुलाई विद्यालय पठाइएको आधारमा उत्तरदाताहरुको वर्गिकरण**

देशको राजनीतिक क्रान्ति संगै शिक्षामा आएको परिवर्तनले विस्तारै दमाई जातीको चेतनामा पनि बृद्धि भएको देखिन्छ । विभिन्न राजनीतिक पार्टी, सरकारी तथा गैरसरकारी संघ/संस्थाहरु, गाविस तथा जि.शि.का लगायतका विभिन्न शिक्षा संग सम्बन्धित संस्थाहरुले संचालन गरेका विभिन्न कार्यक्रमको प्रभावका कारण दमाई जातीले पनि आफ्ना बालबालिकाहरुलाई शिक्षा दिने काममा केही हदसम्म भएपनि अग्रसर हुन थालेको पाइएको छ ।जसलाई तलको तालिकामा देखाउने प्रयास गरिएको छ ।

**तालिका नं. १४**

**बालबालिकाहरुलाई विद्यालय पठाइएको आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क्र.सं. | विद्यालय पढ्न पठाउनेको अवस्था | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | आफैले बुझेर | १० | ५० | |
| २ | अरुको सिको गरेर | ६ | ३० | |
| ३ | छिमेको सल्लाह पाएर | ३ | १५ | |
| ४ | अन्य | १ | ५ | |
| | जम्मा | २० | १०० | |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका नं १४ ले वालवालिकाहरुलाई विद्यालय पठाएको आधारमा उत्तरदाताहरुको वर्गिकरण देखाउंदछ । ५० प्रतिशत उत्तरदाताहरुले आफैले बुझेर बालबालिकाहरुलाई पढाउन

पठाएको पाईयो, ३० उत्तरदाताहरुले अरुको सिको गरेर आफ्ना बालबालिकाहरुलाई विद्यालय पठाएको पाईयो, १५ प्रतिशत उत्तरदाताहरुल छिमेकीको सल्लाह पाएर आफ्ना बालबालिकाहरुलाई विद्यालयमा पठाउने गरेको र ५ प्रतिशत उत्तरदाताहरुले अन्य कारणले आफ्ना बालबालिकाहरुलाई विद्यालय पठाउने गरेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने दलित भित्रको पनि दलित दमाई जातीले शिक्षा प्रति केही हदसम्म भएपनि सकारात्मक सोच राखेको र केही चेतनाको विकास भएको थाहा पाउन सकिन्छ ।

### ५.१३. नियमित विद्यालय जाने बालबालिकाको आधारमा उत्तरदाताहरुको वर्गिकरण

अध्ययन क्षेत्रमा गएर स्थलगत अध्ययन गरी त्यहाँ भएका २० घरपरिवारका सदस्यहरुलाई विभिन्न बन्द प्रश्नावली मार्फत सोधिएका प्रश्नमा उत्तरदाताहरुको उत्तर बमोजिम के पाइयो भने दमाई जातीका बालबालिका विद्यालय पढ्न जान पनि त्यति मन नपराएको तर हाल समयको परिवर्तन संगै बालबालिका आफै विद्यालयप्रति आकर्षित हुन थालेको पनि पाइयो । यसरी गरिएको अध्ययनलाई तलको तालिकाबाट प्रष्ट पार्ने प्रयास गरिएको छ ।

**तालिका नं. १५**

**नियमित विद्यालय जाने बालबालिकाको आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क.सं. | अवस्था | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | जान्छ | ८ | ४० | |
| २ | जाँदैन | ७ | ३५ | |
| ३ | फुर्सदको समयमा | ५ | २५ | |
| | जम्मा | २० | १०० | |

स्रोत : स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका नं. १५ ले नियमित विद्यालय जाने वालवालिकाहरुको आधारमा उत्तरदाताहरुको वर्गिकरण देखाउंदछ । ४० प्रतिशत उत्तरदाताहरुवाट बालबालिकाहरु नियमित विद्यालय जाने गरेको पाईयो, ३५ प्रतिशत उत्तरदाताहरुवाट बालबालिकाहरु नियमित विद्यालय जाने गरेको पाईएन र २५ प्रतिशत उत्तरदाताहरुवाट बालबालिकाहरु फुर्सदको समयमा मात्र दैनिक विद्यालयमा उपस्थित हुने गरेको पाईयो । हाल विद्यालय जाने संख्या पनि प्रत्येक वर्ष बृद्धि हुदै गएको विद्यालयको तथ्यांकमा उल्लेख भएको पाइयो ।

## ५.१४ विद्यालयबाट फर्केपछि घरको काममा सघाउनेको आधारमा उत्तरदाताहरुको वर्गिकरण

दमाई जातीका बालबालिकाहरु विद्यालयबाट घर फर्केपछि के काम गर्छन भन्ने सवालमा सोधिएको प्रश्नमा प्रायःजसो सबै बालबालिका आफ्नो पुरानो परम्परागत काम जस्तै सिलाई, कटाई, बाजा बजाउने आदि सिक्ने, कोही गोठाला जाने, कोही दाउरा घाँस काट्ने, कोही खाना पकाउने जस्ता काममा संलग्न रहेको पाइयो । जसलाई तलको तालिकाबाट प्रष्ट पार्न खोजिएको छ ।

**तालिका नं. १६**

**विद्यालयबाट फर्केपछि घरको काममा सघाउनेको आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क्र.सं. | कामको विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | खाना बनाउने | २ | १० | |
| २ | घाँस दाउरा काट्ने | ६ | ३० | |
| ३ | गोठाला जाने | ३ | १५ | |
| ४ | परम्परागत सीप सिक्ने | ९ | ४५ | |
| | जम्मा | २० | १०० | |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका नं.१६ले विद्यालयबाट फर्केपछि घरको काममा सघाएको आधारमा उत्तरदाताहरुको वर्गिकरण देखाएको छ । ४५ प्रतिशत उत्तरदाताहरुवाट बालबालिकाहरु विद्यालयबाट फर्के पछि आफ्नो परम्परागत सीप सिक्नमा समय दिने गरेको, ३० प्रतिशत उत्तरदाताहरुवाट बालबालिकाहरुले घाँस दाउरा काट्नमा समय दिने गरेको, १५ प्रतिशत उत्तरदाताहरुवाट बालबालिकाहरुले गोठाला जाने काम गरेको र १० प्रतिशत उत्तरदाताहरुवाट बालबालिकाहरुले घरमा खाना पकाउने काममा समय दिने गरेको पाईयो । यस प्रकार उनीहरु घरमा पढ्ने कामबाट बञ्चित हुने भएकाले उनीहरुको शैक्षिक गुणस्तरमा बृद्धि हुन नसकेको पुष्टि हुन्छ ।

## ५.१५ बालबालिकाहरुको शिक्षा प्रतिको उत्सुकताका आधारमा उत्तरदाताहरुको वर्गिकरण

अध्ययन क्षेत्रमा अध्ययन गरे अनुसार दमाई जातीका बालबालिकामा अझै पनि शिक्षा प्रति उत्सुक नभएको कुरा तलको तालिकाबाट प्रष्ट्याउने प्रयास गरिएको छ ।

**तालिका न.. १७**

**बालबालिकाहरुको शिक्षा प्रतिको उत्सुकताका आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | उत्सुक छ | १० | ५० | |
| २ | उत्सुक छैन | १० | ५० | |
| | जम्मा | २० | १०० | |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका नं. १७ ले वालवालिकाहरुको शिक्षा प्रतिको उत्सुकताका आधारमा उत्तरदाताहरुको वर्गिकरण देखाएको छ । ५० प्रतिशत उत्तरदाताहरुबाट आफ्ना वालवालिकाहरु शिक्षा प्रति उत्सुक भएका र ५० प्रतिशत उत्तरदाताहरुबाट आफ्ना वालवालिकाहरु शिक्षा प्रति उत्सुक नभएको पाइयो ।

**५.१६ शिक्षामा पाएको आर्थिक सहयोगका आधारमा उत्तरदाताहरुको वर्गिकरण**

जगनाथ गाविसमा बसोबास गरेका दमाई जातीका बालबालिकाहरुलाई शिक्षा आर्जनमा आर्थिक सहयोग गर्नेहरुमा विद्यालय, गैरसरकारी संघ/संस्थाहरुका साथै सरकारी निकायहरुबाट समेत केही सहयोग गरेको पाइयो । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. १८**

**शिक्षामा पाएको आर्थिक सहयोगका आधारमा उत्तरदाताहरुको वर्गिकरण**


| क्र.सं | सहयोग गर्ने | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | आफैले | १३ | ६५ | |
| २ | विद्यालयबाट पाएको | ४ | २० | |
| ३ | गाविस | २ | १० | |
| ४ | संघ/संस्थाबाट | १ | ५ | |
| | जम्मा | २० | १०० | |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका नं. १८ ले शिक्षामा पाएको आर्थिक सहयोगका आधारमा उत्तरदाताहरुको वर्गिकरण देखाइएको छ । ६५ प्रतिशत उत्तरदाताहरुवाट आफ्ना  बालबालिकाहरुको शैक्षिक कार्यमा

आफैले खर्च गर्नु परेको पाईयो, २० प्रतिशत उत्तरदाताहरुले विद्यालयबाट आर्थिक सहयोग पाउने गरेको पाईयो, १० प्रतिशत उत्तरदाताहरुले गाविस, जि.शि.का.बाट सहयोग पाउने गरेको पाईयो र ५ प्रतिशत उत्तरदाताहरुले अन्य संघसंस्थाबाट आर्थिक सहयोग पाउने गरेको पाईयो । जसले गर्दा दमाई जातीका बालबालिकाहरु शिक्षा क्षेत्रमा पछाडी परेको अवस्थालाई नकार्न मिल्दैन ।

**बृत्त चित्र नं.५**




## ५.१७ विद्यालयको छात्रबृत्तिका आधारमा उत्तरदाताहरुको वर्गीकरण

विद्यालयले दमाइ जातीका बालबालिकाहरुलाई शिक्षाको लागि सहयोग गर्न छात्रबृत्ति दिएको छ भनि सोधिएको प्रश्नमा अधिकांश दमाई जातीका बालबालिकालाई छात्रबृत्ति नपाएको कुरा पत्ता लाग्यो । सरकारी स्तरबाट दलित जातीलाई दिइने छात्रबृत्ति मध्ये सबै भन्दा बढी जोा बाठो अलि बुझ्केको छ । त्यसले मात्र विद्यालयको छात्रबृत्ति पाएको पाइयो । दमाई जातीलाई पनि छात्रबृत्ति उपलब्ध गराइएको छ तर सो छात्रबृत्ति सिमित मात्र भएकोले पठनपाठनको लागि खासै सहयोग नभएको देखिन्छ ।

**तालिका नं.१९**

**विद्यालयको छात्रबृत्तिका आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क्र.सं. | छात्रबृत्तिले पुर्‍याएको सहयोग | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | छ | २ | १० | |
| २ | छैन | ११ | ५५ | |
| ४ | सिमित छ | ७ | ३५ | |
| | जम्मा | २० | १०० | |

स्रोतः स्थलगत सर्भेक्षण २०६५

माथि तालिका नं.१९ ले विद्यालयको छात्रबृत्तिका आधारमा उत्तरतादाताहरुको वर्गिकरण देखाइएको छ । ५५ प्रतिशत उत्तरदाताहरुले विद्यालयमा प्रदान गरिने छात्रबृत्तिले दमाई जातिका वालवालिकाहरुलाई पठनपाठनमा सहयोग पुर्‍याएको जानकारी दिए, ३५ प्रतिशत उत्तरदाताहरुले विद्यालयवाट प्रदान गरिने छात्रबृत्ति सहयोग कार्यक्रम सिमित भएको जानकारी दिए र १० प्रतिशत उत्तरदाताहरुले विद्यालयवाट प्रदान गरिने छात्रबृत्तिले पठनपाठनमा सहयोग पुर्‍याएको जवाफ दिए ।

## ५.१८ शिक्षामा दमाईहरुको दृष्टिकोणका आधारमा उत्तरदाताहरुको वर्गिकरण

शिक्षाले मानव जिवनमा महत्वपूर्ण भुमिका निर्वाह गर्दछ । यसको अभावमा परिवर्तनको कल्पना गर्न सकिदैन । त्यसैले शिक्षाको दृष्टिकोण बुझ्न आवश्यक छ । शिक्षाको दृष्टिकोणवाट नै त्यसको सिकाईमा प्रभाव पार्दछ । यसर्थ दमाई जातिको शिक्षामा कस्तो धारणा वा दृष्टिकोण राखेको छ जसलाई तालिकाबाट देखाईएको छ ।

**तालिका नं.२०**

**शिक्षामा दमाईहरुको दृष्टिकोणका आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क्र.सं. | समाजको दृष्टिकोण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सकारात्मक | १२ | ६० | |
| २ | नकारात्मक | ८ | ४० | |
| | **जम्मा** | **२०** | **१००** | |

स्रोतः स्थलगत सर्भेक्षण २०६५

माथिको तालिका नं. २० ले शिक्षामा दमाईहरुको दृष्टिकोणका आधारमा उत्तरदाताहरुको वर्गिकरण देखाईएको छ। सवैभन्दा बढि ६० प्रतिशत उत्तरदाताहरुले शिक्षामा सकारात्मक दृष्ठिकोण राखेको पाईयो र ४० प्रतिशत उत्तरदाताहरुले शिक्षामा नकारात्मक दृष्टिकोण राखेको पाईयो।

## ५.१९. शिक्षामा पहुंच बढाउन ल्याएको शिक्षा नितिका आधारमा उत्तरदाताहरुको वर्गिकरण

सरकारले दलितहरुको शिक्षामा पहुंच बढाउन शिक्षा निति लागु गरेको छ साथै सन २०१५ सम्ममा सवैलाई साक्षरता वनाउने उद्देश्य लिए अनुरुप दलितहरुको शिक्षामा पहुंच बढाउन मघत पुगेको छ कि छैन भनी अध्ययन गरिएको थियो। जसलाई निम्न तालिकाबाट देखाईएको छ।

**तालिका नं.२१**

**शिक्षामा पहुंच बढाउन ल्याएको शिक्षा नितिका आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क्र.सं. | शिक्षामा पहुंच | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | छ | ८ | ४० | |
| २ | छैन | ५ | २५ | |
| ३ | परिमार्जन गर्नु पर्ने | ७ | ३५ | |
| | **जम्मा** | **२०** | **१००** | |

स्रोतः स्थलगत सर्भेक्षण २०६५

माथिको तालिका नं. २१ ले शिक्षामा पहुंच बढाउन ल्याएको शिक्षा नितिका आधारमा उत्तरदाताहरुको वर्गिकरण देखाईएको छ। ४० प्रतिशत उत्तरदाताहरुले दलितहरुलाई ल्याएको शिक्षा नितिले पहुंच बढेको जवाफ दिए, ३५ प्रतिशत उत्तरदाताहरुले दलितहरुका लागि ल्याएको शिक्षा निति परिमार्जन गर्नु पर्ने र २५ प्रतिशत उत्तरदाताहरुले हालको शिक्षा नितिले शिक्षामा पहुंच पुर्‍याउन नसकेको भन्ने जवाफ पाईयो।

## ५.२० दमाई जातीको शिक्षामा पहुंच बढाउन चलाएको अभियान

नेपाली समाजमा दमाई जातिहरु शैक्षिक क्षेत्रमा पछाडि परेको जाती हो। सरकारले उनीहरुको शिक्षामा पहुंच बढाउन शिक्षा निति लागु गरेतापनि उनीहरुको शिक्षामा पहुंच बढ्न सकेको छैन। त्यसका लागि उनीहरु आफै आफ्नो समाजलाई शिक्षामा पहुंच बढाउन शिक्षा अभियान चलाउन आवश्यक छ। दमाई जातीमा शिक्षा लिन उत्प्रेरित गर्न शैक्षिक अभियानले महत्वपूर्ण भूमिका

निर्वाह गर्न सक्छ । दमाई जातीको शिक्षामा पहुंच बढाउन चलाएको अभियान तालिकामा देखाईएको छ ।

**तालिका नं.२२**

**शिक्षामा पहुंच बढाउन चलाएको अभियानका आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क्र.सं. | शिक्षामा पहुंच बढाउन चलाएको अभियान | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | अभियान चलाएको छ | ६ | ३० | |
| २ | अभियान चलाएको छैन | १४ | ७० | |
| | **जम्मा** | **२०** | **१००** | |

स्रोतः स्थलगत सर्भेक्षण २०६५

माथिको तालिका नं. २२ ले शिक्षामा पहुंच बढाउन दमाई जातिले चलाएको अभियानका आधारमा उत्तरदाताहरुको वर्गिकरण देखाईएको छ । ७० प्रतिशत उत्तरदाताहरुले दमाई जातीको शिक्षामा पहुंच बढाउने अभियान संचालन नगरेको जवाफ दिए, ३० प्रतिशत उत्तरदाताहरुले शिक्षामा पहुंच बढाउन दमाई जातीका लागि शैक्षिक अभियान संचालन गरेको जवाफ दिए ।

### ५.२१ समुदायमा भएको छुवाछुतको आधारमा उत्तरदाताहरुको वर्गिकरण

नेपाली समाज वहुजाति, वहुभाषी र वहुसांस्कृतिक भएको एउटा हिन्दु राष्ट्र हो । परम्परागत रुपमा नै छुवाछुत चल्दै आएको छ । छुवाछुत दलित र गैरदलित वीचको विभेदको रुपमा रहेको छ । मुलुकी ऐन २०२० ले कानुनी रुपमा छुवाछुतको अन्त्य गरिसकेको सन्दर्भमा अझै यसको प्रयोग समाजमा विद्यमान रहेको छ जसलाई तालिकामा देखाईएको छ ।

**तालिका नं.२३**

**समुदायमा भएको छुवाछुतको आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क्र.सं. | छुवाछुतको अवस्था | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | छ | १३ | ६५ | |
| २ | छैन | २ | १० | |
| ३ | परिवर्तन भएको छ | ५ | २५ | |
| | **जम्मा** | **२०** | **१००** | |

स्रोतः स्थलगत सर्भेक्षण २०६५

माथिको तालिका नं. २३ ले समुदायमा भएको छुवाछुतको आधारमा उत्तरदाताहरुको वर्गिकरण देखाईएको छ । जस अनुसार ६५ प्रतिशत उत्तरदाताहरुले समुदायमा छुवाछुत रहेको जवाफ दिए, २५ प्रतिशत उत्तरदाताहरुले केहि परिवर्तन भएको भन्ने जवाफ दिए भने १० प्रतिशत उत्तरदाताहरुले समुदायमा छुवाछुत नभएको भन्ने जवाफ दिए ।

## ५.२२ दलित जातीहरु वीचमा भएको छुवाछुतको आधारमा उत्तरदाताहरुको वर्गिकरण

नेपाली समाजमा उचनिच र छुवाछुत संस्कारले लामो समयदेखि जरो गाडेको छ । २०२० को मुलुकी ऐनले छुवाछुतलाई कानुनी रुपमा अन्त्य गरिसकेको भए पनि व्यवहारमा अझै त्यसको प्रभाव प्रष्ट देख्न सकिन्छ । अध्ययनको क्रममा दलित जातीहरु वीचमा छुवाछुतको व्यवहार कस्तो छ त्यसको प्रभाव हेर्ने प्रयास गरिएको छ जसलाई तलको तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका नं.२४**

**दलित जातिहरु वीचमा भएको छुवाछुतको आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क्र.सं. | दलित जातिहरु वीच छुवाछुतको अवस्था | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | छ | ५ | २५ | |
| २ | छैन | १५ | ७५ | |
| | **जम्मा** | **२०** | **१००** | |

स्रोतः स्थलगत सर्भेक्षण २०६५

माथिको तालिका नं. २४ ले दलित जातीहरु वीचमा भएको छुवाछुतको आधारमा उत्तरदाताहरुको वर्गिकरण देखाईएको छ । ७५ प्रतिशत उत्तरदाताहरुले दलित दलित वीचमा छुवाछुत छैन भन्ने जवाफ दिए भने २५ प्रतिशत उत्तरदाताहरुले दलित दलित वीचमा पनि छुवाछुत रहेको छ भन्ने जवाफ दियए ।

# अध्याय–६

## ६. सारांश, निश्कर्ष र सुझावहरु

### ६.१ सारांश (**Summary)**

दमाई जाती एक प्राचिन जाती हो भन्ने कुरामा कसैमा दुई मत हुन सक्दैन । समग्रमा हेर्दा यो जाती नेपाल अधिराज्यमा छरिएर रहेका छन् । समाजमा पानी नचल्ने र छोइछिटो हाल्नु पर्ने दलित जाती समूह भित्रको दमाई जाती पनि एक हो । यो जातीको बोलीचाली र सामाजिक संस्कारका दृष्टिकोणले समाजको उच्च जातको स्थानमा रहेका ब्राह्मण क्षेत्रीसंग समानता देखिएता पनि शिक्षामा यिनीहरु निकै पछाडि परेको विभिन्न तथ्यांकहरुवाट जानकारी प्राप्त गर्न सकिन्छ ।

दमाई जातीका विभिन्न पारिवारिक बनावटलाई हेर्दा अन्य जातिमा भएको समय सापेक्ष  भएको परिवर्तन संगै यिनीहरुको पनि संयुक्त तथा केन्द्रिय परिवारबाट एकल परिवार तर्फ झुकाव रहेको देखिन्छ । परिवारको संरचना हेर्दा नातेदारी प्रथा पनि यो जाती जातीय परम्परामा आधारित छ । रगतको नाता र विवाहको नाता बीचको सम्बन्ध पनि विद्यमान रहेको छ । यो जाती पनि अन्य जाती झै विवाह विभिन्न प्रकारले गर्दछन् । जस्तै प्रेम विवाह, मागी विवाह, जारी विवाह तथा विधुवा विवाह समेत भएता पनि हाल आएर विधुवा विवाह र भाउजु व्यहोर्ने चलन भने विस्तारै लोप हुदै गएको पाइयो । यो जातीमा फुपु चेली र मामा चेला बीच विवाह सम्बन्ध नभएको तर मामा चेली र फुपु चेलामा विवाह हुने गरेको छ । यो जातीमा अन्तरजातीय विवाह भएको पनि पाइन्छ तर अन्तरजातीय विवाह गर्दा समाजमा खप्नु परेको समस्याको व्यथा कम मर्माहित थिएन । यो जातीले विवाह गर्दा होस् वा मृत्यु संस्कार गर्दा पुराहितको काम भने आफ्ना ज्वाइचेला वा भान्जाबाट गरेको पाइन्छ । यो जातीले आफ्नो पुर्ख्यौली संस्कार वा पेशालाई कायम राख्ने  प्रयास गरेको पाइन्छ ।

दमाई जातीको शिक्षामा पहुँच नपुग्नुको मुख्य कारण त आर्थिक अवस्था नै भएता पनि त्यसका बाधक तत्व अन्य पनि थुप्रै भएको भेटियो । एकातिर दमाई जातीको शिक्षा प्रतिको दृष्टिकोणमा खासै परिवर्तन भएको देखिदैन भने बालबालिकाहरुलाई पढाउनु भन्दा घर गृहस्थी तथा परम्परागत व्यवसाय सिकाउन नै खुसी हुन्छन् । पढाएर पनि अघिपछि कोही नभएका हामीलाई कसले दिन्छ र जागिर खाने ? त्यसकारण पढाईमा पैसा खर्च गर्नु भन्दा बाबुबाजेको हातको सीप सिक्यो, खायो ।

बाबु आमा अशिक्षित भएको कारण बाबु आमाले नपढेर त केही भएन हामीले किन पढ्नु पऱ्यो ? भन्ने भावनाद्धारा ग्रसित हुनु । स्कूलमा पढ्ने शिक्षाले काम गर्न सिकाउछ र ? झनै अल्छि र सीप विहिन बनाउछ , जति पढेपनि घरको काम नगरी खान पाइदैन भने किन व्यर्थमा समय खेर फाल्नु र ? भन्ने सोचाईका कारण उनीहरुको न्यून शैक्षिक चेतनाले गर्दा शिक्षाको उपयोग गर्न सकिने अवसरबाट समेत बञ्चित भएको देखिन्छ ।

यसै सन्दर्भमा दलित शिक्षण विधि (Pedagogy of the oppressed) का प्रतिपादक Paulo Freire को अभिमतमा झै दलित जातीले सर्वप्रथम आफूलाई चिन्न सक्ने शिक्षा पाउनु पर्छ । आफ्नो सामर्थ्य, क्षमता र औकातका बारेमा सचेत हुने अवसर पाउनु पर्छ । आफू कसरी हेपिएको, ठगिएको छु ? भन्ने कुरा स्पष्ट हुन सचेतीकरण शिक्षाको आवश्यकता छ । सचेतीकरण शिक्षाले उक्त ज्ञान दिन सक्नुपर्दछ । वास्तवमा पुस्तौ पुस्ता देखि नै हामी दमाई अछुत जातीका हौं । आफू भन्दा माथिल्लो जातको सेवा, चाकरी गर्नु नै हाम्रो धर्म हो भन्ने मानसिकतामा हुर्केका दमाई जातीको सोचमा परिवर्तन ल्याउनु आवश्यक छ जसको लागि सचेतीकरण शिक्षाको टड्कारो खाँचो देखिन्छ । जब दमाईहरु सचेत अनि आफ्नो कला, कौशल, सीप र श्रमको उचित मूल्य खोज्न लागि पर्दछन् । आफ्नो समाजमा हैषियत खोज्छन् अनि सामाजिक अवसरहरुको उपयोगमा भरपुर ध्यान दिन्छन् । त्यसकारण दमाई भन्ने भावनाबाट मुक्त पार्न हामी पनि अन्य जाती सरह हौं । हामी जे पनि गन सक्छौं भन्ने भावनाको जागरण ल्याउने प्रकारको शिक्षा दिन दमाई जातीको उत्थान सम्भव छैन । यस प्रकारको भावना जागरण गर्नका लागि Friere ले झै दलित सचेतीकरण शिक्षाको टड्कारो आवश्यकता देखियो । जसबाट उनीहरुको शैक्षिक दृष्टिकोण फराकिलो भई समग्र दलित जातीय उत्थान हुने देखिन्छ ।

अध्ययन क्षेत्रको छनोट गरिएको जाती हो दमाई । दमाई जातीको शिक्षामा पहुँच कस्तो रहेको छ भन्ने सवालमा सोधिएका विभिन्न प्रश्नावली अवलोकन अर्न्तवार्ता र निरिक्षणबाट के प्रमाणित भयो यो जातीको शिक्षा न्यून हुनुको कारण सबै भन्दा प्रमुख बाधक तत्वको रुपमा गरिबीलाई स्वीकार गरियो । यसप्रकार आर्थिक अवस्था कमजोर हुनु, आयआर्जनको कुनै बलियो स्रोत नहुनु , घरायसी कामले गर्दा पढाईको लागि उपयुक्त वातावरण नबन्नु, कापी कलम किन्ने पैसा भन्दा पहिले पेटको लागि बालबालिकाले समेत निमेक, ज्याला, मजदुरी, गोठालो गर्न बाध्य हुनुपर्ने अवस्थाले गर्दा दमाई

जातीका बालबालिका विद्यालय जानबाट बञ्चित रहेको देखियो । कतै सम्झाई बुझाई विद्यालय भर्ना भइहाले भने पनि विचैमा कक्षा छोड्ने दर पनि त्यत्तिकै देखियो ।

दमाईहरुको शैक्षिक समस्या सिर्जना गर्ने दोस्रो कारणको रुपमा विद्यालय तथा वर्तमान पाठ्यक्रम र शैक्षिक प्रणालीलाई ठानेको देखियो । दमाईहरुका व्यवहारिक कठिनाई विद्यालयले नबुझेको, उनीहरु प्रति भेदभाव रहित व्यवहार हुन नसकेको, शिक्षाका लागि निरन्तर प्रेरणाको अभाव अनि उनीहरुको सीप र श्रमले पाठ्यक्रममा खासै स्थान नपाउनु, बेरोजगार उत्पादन गर्ने शैक्षिक प्रणाली आदि कारणले दमाई जाती शिक्षा प्रति आकर्षित हुन नसकेको पाइयो ।

स्वयम् दमाईहरुको शिक्षा प्रतिको नकारात्मक सोचले समेत शैक्षिक पहुँच न्यून रहन गएको देखिन्छ । अधिकांश दमाई अभिभावक निरक्षर रहेकाले शिक्षाको महत्व बुझ्न नसक्नु पढेर के काम छ र ? भन्नु पढाईमा गरेको लगानी, धनसम्पत्ति र समयको वर्वादीको रुपमा लिनु, 'पढिलेखी के नै काम कपडा सिलायो खायो माम' अनुसार पढेर पछि पाइने कामको अनिश्चितता भन्दा मुखैनेरको माम प्रतिको आकर्षणले गर्दा छोराछोरी विद्यालय नपठाउने गरेको देखियो । पढेपनि एक दुई कक्षा पढेर अक्षर चिने त भइहाल्छ नि ? उनीहरुको सोचले विद्यालय छाड्ने गरेको बढी पाइयो ।

परम्परागत वर्णाश्रममा धर्ममा आधारित हिन्दु सामाजिक संस्कारले समेत दलित शिक्षामा समस्या सिर्जना गरेको पाइयो । दमाईहरु प्रति गरिने सामाजिक भेदभाव विद्यालयसम्म पुग्नु तल्लो जातले पनि पढ्ने पढाउने भन्ने सामाजिक दृष्टिकोण, दमाई आफ्ना दाताको काममा व्यस्त रही केटाकेटहरुलाई पठनपाठनमा लगाउन नसक्नु, धार्मिक पर्व र सामाजिक संस्कारहरुमा कर्म गर्दै आएका दमाईहरुलाई उक्त कार्यलाइ थप बेफुर्सदीलो बनाउनु जस्ता कारणले दमाई जातीको शिक्षामा पहुँच बढ्न नसकेको देखिन्छ । वर्तमान राजनीतिक द्वन्द्वको प्रभाव विद्यालयमा समेत परेकाले असुरक्षाको कारण विद्यार्थीहरु विद्यालय मात्र होइन घरै छोड्न बाध्य हुनुपर्ने अवस्था शैक्षिक समस्याको रुपमा देखिन्छ ।

**६.१.१ समस्या समाधानका उपायहरु**

- आर्थिक सुधारका लागि आय मुलक व्यवसाय संचालन गर्ने सरकारी निकायहरुबाट सहयोग उपलब्ध गराउनु पर्ने अवस्था ।
- दमाईहरुको पेशागत सीप सुधारको लागि आवश्यक तालिम उपलबध गराउनु पर्ने । उनीहरुको सीप र श्रमलाई उचित ज्याला र सम्मान दिनुपर्ने आवश्यकता देखिन्छ ।

- सबै विद्यार्थीहरुको लागि छात्रबृत्तिको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- Friere ले भने झैं दलितहरुमा सचेता मुलक शिक्षा प्रदान गरी उनीहरुमा शैक्षिक जागरण ल्याउनु पर्ने देखियो ।
- परम्परागत सामाजिक विभेदको व्यवहारिक रुपमा अन्त्य गर्नुपर्ने खाँचो देखियो ।
- आधारभूत आवश्यकता रुपमा शिक्षाको महत्व बोध गराई निरन्तर प्रेरणा र प्रोत्साहनद्धारा शिक्षा प्रति आकर्षित गर्नुपर्ने देखियो ।
- रोजगार मुलक र व्यवसायिक शिक्षाको व्यवस्था गरी दमाईहरुको परम्परागत सीप र श्रमलाई विद्यालय शिक्षा भित्र समेट्नु पर्ने देखियो ।
- प्रत्येक विद्यालयमा एक जना दलित शिक्षकको व्यवस्था गरी थप प्रोत्साहन गर्नुपर्ने अवस्था देखिन्छ ।

## ६.२ निश्कर्ष : (**Conclusion**)

दैलेख जगनाथ गाविसमा बसोबास गर्ने दमाई जातीहरुको शिक्षामा पहुँचः एक समाजशास्त्रीय अध्ययन शीर्षकमा गरिएको यस अनुसन्धानबाट निम्नानुसार निश्कर्ष निकालिएको छ :

- विभिन्न सरकारी सहयोगका बाबजुद पनि अन्य जातीको तुलनामा दमाई जातीमा शिक्षामा पहुँच न्यून रहेको देखियो । कमजोर आर्थिक अवस्थाबाट सिर्जित समस्याहरु, सामाजिक भेदभावयुक्त संस्कार, दमाईहरुको न्यून शैक्षिक चेतनास्तर, दलित प्रतिको नकारात्मक सामाजिक दृष्टिकोण, उनीहरुको श्रम र सीपले उचित मुल्य नपाउनुका साथै वर्तमान शिक्षा पद्धतिबाट उपेक्षित रहेका कारण दमाई जातीका शिक्षाको मुख्य अवरोधका रुपमा देखिन्छन् ।
- दमाईहरुको जीवनस्तर उकास्न उनीहरुको सीप अभिबृद्धि गर्न प्रशिक्षण वा आयआर्जन कार्यक्रमलाई शिक्षाको अंग बनाउनु पर्दछ ।
- व्यवसायिक शिक्षाको विकास गरी शिक्षा प्रति आकर्षण बढाउन सकिने स्थिति पाइयो ।
- विशेष गरी दलित सीप र प्रविधिलाई विद्यालयले विकास गराउने प्रकृतिको शिक्षाको खाँचो उनीहरुले महसुस गरेको पाइयो ।
- दमाईहरु शिक्षामा मात्र पछाडी नभई सामाजिक, राजनीतिक लगायतका विभिन्न क्षेत्रमा पछाडी परेको देखिन्छ तसर्थ मार्क्सवादीले भने झै दलितहरुलाई साँच्चिकै सामाजिक समानताको खाँचो रहेछ । जसका लागि राज्यको नीतिनिर्माणको तहसम्म उनीहरुको उचित प्रतिनिधित्व गराई उनीहरुकै आवश्यकता अनुकुलको शैक्षिक पद्धतिको विकास गर्नुपर्ने आवश्यकता देखिन्छ ।
- २१ औं शताब्दीमा समेत जन्मको आधारमा उँच निच मानिने जाती वादी कुप्रथाद्धारा बर्जित दलित माथिको सामाजिक विभेदले दलित बालबालिकाहरुमा हिनता बोध र आफूलाई कमजोर सम्झने मनोवैज्ञानिक असर परेको देखियो । यसको अन्त्य गरी पूर्ण समानता, स्वतन्त्रता र मानवीय वातावरणमा उन्मुक्त रुपमा पढ्न, लेख्न पाउनु पर्ने वातावरणको सिर्जना गर्नुपर्ने देखियो ।
- Paulo Freire ले उत्पीडितहरुका लागि आत्म सचेतीकरणका लागि शिक्षाको खाँचो पर्दछ भने झै दैलेखी दलित त्यसमा पनि दमाई अझ उत्पीडित समुदायमा पनि सचेतीकरण

प्रक्रियाद्धारा उनीहरुमा सुस्ताएको चेतनालाई जागृत गराई शैक्षिक मुलधारमा ल्याउन सहयोग पुग्ने देखियो ।

- विद्यालय एवं समाजका सचेत वर्गद्धारा जातीय विभेदको अन्त्य एवं शिक्षा तर्फ आकर्षित गर्न जनचेतना जगाई निरन्तर अभिप्रेरणा दिईनु आवश्यक देखिन्छ ।
- दमाई जातीहरुको शिक्षामा पहुंच बढाउन शैक्षिक अभियान संचालन गरेको पाईएकोले थोरै भए पनि परिवर्तन भएको देखिन्छ ।

## ६.३ सुझावहरु (**Recommendations**)

यस शोध अनुसन्धानका लागि विभिन्न पक्षबाट लिइएका तथ्यांक, स्थलगत सर्वेक्षणको आधारमा प्राप्त तथ्यहरु विज्ञहरुद्धारा लिखित पुस्तक, लेख, रचनाहरुका आधारमा दमाई जातीको शिक्षामा पहुँच अभिबृद्धि गर्न निम्न अनुसारका सुझावहरु पेश गरिएको छ ।

- जातको आधारमा होइन कर्मको आधारमा मानिस ठूलो हुने कुरा व्यवहारिक रुपमा उतार्न समाजका बुद्धिजीवीहरु, शिक्षक, राजनीतिक कार्यकर्ता, सरकारी तथा गैरसरकारी संस्थाहरु सम्पूर्ण पक्षबाट व्यापक प्रचार प्रसार गरी जनचेतना जागरण गरिनु पर्ने ।
- सर्वप्रथम दमाई समुदायको वातविक आर्थिक, सामाजिक, शैक्षिक स्थितिको बारेमा यथार्थ खोज अनुसन्धान गरिनु पर्ने ।
- दमाईहरुको आत्मबल बढाउन विभिन्न अनौपचारिक शैक्षिक कार्यक्रम मार्फत अभिभावकहरुको चेतना स्तर राख्नु पर्ने ।
- दमाई विद्यार्थीहरुलाई आकर्षित गर्न सम्पूर्ण विार्थीहरुलाई छात्रबृत्ति उपलब्ध गराई हालको छात्रबृत्ति रकममा बृद्धि गर्नुपर्ने ।
- विद्यार्थीलाई दिउसोको खाजाले आकर्षित गरेको देखिनाले नि.मा.वि. सम्मलाई पनि खाजाको व्यवस्था गरिनु पर्ने ।
- शिक्षाबाट उत्पादित जनशक्तिलाई जमाना अनुसार रोजगार पाउने ग्यारेन्टी सरकारले गर्नुपर्ने ।
- सर्टिफिकेट धितोमा राखी ऋण दिई इच्छुक व्यक्तिहरुलाई अन्य पेशा अपनाउन समेत सहयोग गरिनु पर्ने ।
- दमाईहरुको लगनशीलता, मेहनत, इमान्दारिता, आज्ञाकारिता जस्ता मानवीय गुणहरु हरेक विद्यार्थीमा विकास गर्न सके आदर्श समाजको निर्माणमा उल्लेखनीय योगदान पुग्थ्यो । तसर्थ पाठ्यक्रममा समेत उनीहरुको उदाहरणीय जीवनी समावेश गरिनु पर्ने ।
- उनीहरुको सीपमुलक व्यवसायिक शिक्षालाई आधुनिकिकरण गरी औपचारिक एवं अनौपचारिक शिक्षा मार्फत प्रशिक्षण दिई सामाजिक बेरोजगारीलाई हटाउन सकिन्छ । जसबाट देशले

आवश्यक जनशक्ति पाउँथ्यो भने व्यक्तिले आयआर्जनमा क्षमता बृद्धि गरी जीवनस्तर सुदृढ हुने थियो ।

- पेशागत मर्यादा र सामाजिक सम्मान सिर्जना गरी दमाईको सीप र श्रमको उचित कदर गर्नु पर्दछ ।
- उनीहरुको यथार्थ स्थिति पत्ता लगाई सकेपछि कुन समुदायलाई के कस्ता कार्यक्रम दिई सहयोग गरेमा उनीहरुको आर्थिक स्थिति सुध्रिन सक्छ ? स्वयम् उनीहरुको संलग्नतामा कार्यक्रम निर्माण गरी संचालन गरिनु पर्ने ।
- उक्त कार्यक्रम मार्फत उनीहरुको परम्परागत सीपलाई बढावा दिई आधुनिकिकरण गरिनु पर्ने
- सामाजिक विभेदको निर्मुल गर्न भेदभाव गर्नेलाई कडा कानूनी कारबाहीको व्यवस्था गरिनुपर्ने
- परिश्रमको आधारमा उचित ज्यालाको व्यवस्था गरी दमाईहरुको आर्थिक अवस्था सुधार्नु पर्दछ दमाईहरुको सीप मुलक प्रविधिमा आधारित स-साना व्यवसाय संचालन गर्न आवशयक तालिम एवं आर्थिक सहयोग स्थानीय निकाय एवं अन्य सरकारी निकायबाट पहल गरिनुपर्ने ।
- शिक्षा मानव अधिकारको विषय भएकाले हरेक नागरिकले आफुले पाउने आधारभूत सेवाबाट बञ्चित नरही राज्यद्धारा प्रदान गरिएका सेवाबाट फाइदा उठाउनु पर्छ भनि जनचेतना जागृत गर्नुपर्ने ।
- विद्यालयको शैक्षिक वातावरणमा रमणीय र उपयुक्त हुनुपर्दछ । जसबाट विद्यार्थीहरुमा विद्यालय प्रति आकर्षण बढ्दछ ।
- गुणस्तरीय शिक्षा विना योग्य र तालिम प्राप्त शिक्षकहरुको व्यवस्था गर्नुपर्दछ । हरेक बालकको मनोविज्ञान बुझ्रेर शिक्षकले शिक्षण गर्न सक्नुपर्दछ । विद्यार्थी शिक्षकबाट तर्सने होइन आकर्षित हुने वातावरणको सिर्जना गरी शिक्षण गर्ने कौशल हरेक शिक्षकमा जरुरी देखिन्छ ।
- हरेक विद्यालयमा कम्तिमा एक जना दलित शिक्षकको व्यवस्था गरी दलित विद्यार्थीहरुमा थप उत्साही एवं समानुभूति जागृत गर्नुपर्ने देखिन्छ ।

## परिशिष्ट १

## सन्दर्भ सामग्री (**Bibliography**)


१. अधिकारी, नारायणप्रसाद (२०५७) 'कुसुण्डा जातीको संस्कृतिमा आधुनिक शिक्षा' - एक विश्लेषणात्मक अध्ययन, शोधपत्र, त्रिभुवन विश्वविद्यालय केन्द्रिय क्याम्पस किर्तिपुर, काठमाडौं ।

२. अधिकारी, नारायणप्रसाद (२०६०), 'प्रयास' त्रि.वि.वि. प्राध्यापक संघ क्याम्पस एकाइ समिति सुर्खेत क्याम्पस (शिक्षा) ।

३. आवधिक जिल्ला विकास योजना (२०५९), जिल्ला विकास समिति दैलेख ।

४. खनाल, हरिप्रसाद (२०५८), 'दलित जातीका विद्यार्थीलाई प्राथमिक विद्यालय शिक्षामा सक्रिय सहभागी बनाउन र शैक्षिक उपलब्धिस्तर उकास्न दलित छात्रबृत्तिले पारेको प्रभाव' - एक अध्ययनः शोधपत्र, महेन्द्र रत्न क्याम्पस ताहाचल, काठमाडौं ।

५. खनाल, श्रीप्रसाद तथा मुडवरी, नवराज (२०५९), 'शैक्षिक अनुसन्धान पद्धतिको परिचय' - क्षितिज प्रकाशन, नयाँ बजार किर्तिपुर, काठमाडौं ।

६. थापा, गोरखबहादुर (२०५८), 'हुम्ला जिल्लाका प्राथमिक विद्यालयमा दलित समुदायको शैक्षिक स्थितिमा प्रभाव पार्ने तत्त्वहरु' - एक अध्ययन, शोधपत्र, महेन्द्र रत्न क्याम्पस ताहाचल, काठमाडौं ।

७. दाहाल, डा. पेशल (२०४६), 'नेपालको इतिहास' एम.के. पब्लिसर एण्ड डिष्ट्रिब्यूटर्स, भोटाहिटी, काठमाडौं ।

८. नेपाल अधिराज्यको संविधान (२०४७), श्री ५ को सरकार कानून तथा न्याय मन्त्रालय ।

९. नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु - नेपाल सरकार शिक्षा मन्त्रालय ।

१०. नेपाली मञ्च- नेपाली मासिक प्रकाशन वर्ष ३, अंक १५, २०६४ ।

११. पाण्डे, बच्चुकैलाश (२०५७), सुर्खेत वीरेन्द्रनगर नगरपालिका, 'सार्की जातीको एक अध्ययन' शोधपत्र, त्रिभुवन विश्वविद्यालय क्याम्पस काठमाडौं ।

१२. प्रश्रित- मोदनाथ (२०५८), 'मानवताको कलंक जात पात र छुवाछुत प्रथा' किरण पुस्तकालय तम्घास, गुल्मी ।

१३. यादव, पिताम्बरलाल (२०५३), 'नेपालको राजनीतिक इतिहास- विजयकुमार आनन्दपुर सहर्सा विहार, भारत

१४. वाग्ले, डा. मनप्रसाद र कार्की, उपेन्द्र कुमार (२०५५), 'शिक्षाका आधारहरु' विद्यार्थी पुस्तक भण्डार भोटाहिटी, काठमाडौं ।

१५. शिक्षा ऐन (२०२८) तथा शिक्षा नियमावली (२०५९), सातौ संशोधन सहित श्री ५ को सरकार कानून तथा न्याय मन्त्रालय ।

१६. शैक्षिक झलक (२०५८), क्षेत्रिय शिक्षा निर्देशनालय, मध्यपश्चिमाञ्चल विकास क्षेत्र वीरेन्द्रनगर, सुर्खेत ।

१७. शैक्षिक तथ्याङ्क (२०६३), जि.शि.का., दैलेख ।

१८. Freire, Paulo (1967) Pedagogy of the Oppressed Penguin Book LTD, Landon.

१९. Koirala, Bidyanath (1996), Schooling and Dalit of Nepal - A case Study of bangkot Dalit Community, International Intercultural Education Department of Educational policy Studies, edmonton, Alberta.

२०. जि.वि.स. (२०६२), सूचना तथा अभिलेख शाखा केन्द्र, दैलेख ।

२१. मुलुकी ऐन (२०२०), 'नेपाल कानूनी किताब व्यवस्था समिति' २०५८ं ।

२२. Caplan, Lionel )1970) Land and Social change in east Nepal, Routledge and kegan poul Landon.

२३. Caplan, A.P.(1972) " Priests and Cobblers" , A study of social change in Indu village of western Nepal. Landon Inter test book.

२४. Haralambos, Michael, "Sociology themes and perspectives" Oxford University Press, Pablished by M.C.A. Laibary Bulding, Jaya singh Road, New Dhilli, 110011, India.

२५. आचार्य, बलराम, "Elementary Sociology and Anthropology" National Book Center Bhotahiti, Kathamandu, Nepal 2065.

२६. MacIver and Page, "Society an Introductry Analysis Machillian Indian LTd 1996.

२७. विष्ट, डोरबहादुर (२०३०), 'सबै जातको फुलबारी',साझा प्रकाशन, नेपाल ।

२८. लुईटेल, तिलक (२०६१), मनोस्मृति अनुवाद , पैरवी प्रकाशन काठमाडौं ।

२९. नेपालको आन्तरिम संविधान (२०६३), मकालु प्रकाशनगृह डिल्लीबजार, काठमाडौं ।

३०. नेपालको विद्यालय स्तरीय शैक्षिक तथ्याङ्क (२०५८), शिक्षा मन्त्रालय, विद्यालय स्तरीय शैक्षिक तथ्याङ्क (२०५९), जि.शि.का., दैलेख ।

३१. शर्मा प्राध्यापक चिरञ्जीवी एण्ड शर्मा, सहप्राध्यापक निर्मला (२०५८), एम. के. पव्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स, भोटाहिटी काठमाडौं ।

३२. शर्मा वसन्तराज (२०५८) नेपाली शव्दसागर, साझा प्रकाशन काठमाडौं ।

३३. Parsons Talcott (after 1950), Functionalism view of education.

## परिशिष्ट २

### दैलेख जगनाथ गा.वि.स.मा वसोवास गर्ने दमाई (दलित) जातीको शिक्षामा पहुंच एक समाजशास्त्रिय अध्ययन

# प्रश्नावली

१. घरमुलीको नामः........................................उमेरः☐☐ लिंगः
महिला ☐
पुरुष ☐

२. धर्मः
☐हिन्दु ☐वौद्ध ☐क्रिस्चियन ☐अन्य

३. वैवाहिक स्थिति
☐एकल ☐वहुविवाह ☐विधुवा ☐अन्तरजातिय

४. पेशाः
☐कृषि ☐परम्परागत व्यवसाय ☐ नोकरी
☐ज्यालादारी ☐वालीघरे ☐अन्य

५. परिवार संख्याः
☐१ देखि ३ जना ☐४ देखि ६ जना ☐७ देखि माथि

६. वार्षिक आम्दानी
☐ १०००० सम्म ☐११००० देखि २०००० ☐२१००० देखि ५००००
☐५१००० देखि माथि

७. जग्गा
☐१ देखि ५ रोपनी ☐६ देखि १० रोपनी ☐११ देखि २० रोपनी

८. घरको प्रकार
☐खरले छाएको ☐माटाको थारो भएको ☐पत्थरले छाएको ☐अर्काको घरमा

९. साक्षरताको स्तर
☐निरक्षर ☐प्राथमिक तह ☐निमावि तह

☐मावि तह ☐एस.एल.सी

१०. घरमा वालवालिकालाई पढाउन कत्तिको समय दिनुहुन्छ ?
☐दिन्छु ☐दिन्न ☐समय पाउंदिन
☐पढाउन जान्दैन

११. वीचैमा विद्यालय जान किन छाडेको ?
☐आर्थिक अभाव ☐सामाजिक ☐परम्परागत काम ☐अन्य

१२. तपाईलाई आफ्नो वालवालिकालाई विद्यालय जान कसले सल्लाह दियो ?
☐आफैले बुझ्रेर ☐अरुले विद्यालय पठाएको देखेर
☐छिमेकीले सल्लाह दिएर ☐अन्य

१३. तपाईको वालवालिका दैनिक विद्यालय जाने गर्दछ ?
☐जान्छ ☐जादैन ☐फुर्सदको समयमा

१४. विद्यालयबाट आएपछि वालवालिकाले तपाईलाई कस्तो सहयोग गर्छ ?
☐खाना वनाउन ☐दाउरा घासपात गर्न ☐गोठाला गर्न
☐परम्परागत सिप सिक्ने

१५. तपाईको वालवालिका विद्यालय पठनपाठनका लागि जान कत्तिको उत्सुक हुन्छ ?
☐उत्सुक छ ☐ उत्सुक छैन

१६. तपाईका छोराछोरीलाई पठनपाठनकालागि कसकसले सहयोग गरेको छ ?
☐आफैले ☐विद्यालयले ☐गाविसले
☐संघसंस्थाले ☐छैन

१७. विद्यालयले दलितहरुलाई छात्रबृत्ति प्रदान गरेको छ ?
☐छ ☐छैन ☐सिमित छ

१८. शिक्षामा दमाई (दलित) हरुको दृष्टिकोण कस्तो छ ?
☐सकारात्मक ☐नकारात्मक

१९ सरकारले ल्याएको शिक्षा निति अनुसार दलितहरुको शिक्षामा पहुंच बढाउन सहयोग गरेको छ ?
☐छ ☐छैन ☐ परिमार्जन गर्नु पर्ने

२०. दमाई जातिका वालवालिकाहरुको शिक्षामा पहुंच बढाउन दलित जातिले कुनै अभियान चलाएको छ

☐छ ☐छैन

२१. समुदायमा छुवाछुतको भेदभाव कस्तो छ ?

☐छ ☐छैन

२२. दलित समुदाय भित्र उचनिच र छुवाछुतको भावना छ कि छैन ?

☐छ ☐छैन

परिशिष्ट ३

# नेपालको नक्सा



परिशिष्ट ४

## दैलेख जिल्लाको नक्सा




अध्ययनको क्षेत्र

दैलेख जिल्लाको जगनाथ गाविसको नक्सा




अध्ययन क्षेत्र

परिशिष्ट ५



न्वारन संस्कारमा दमाई जातिहरु आफ्नो परम्परागत वाजा वजाउंदै गरेको अगुवा



न्वारन संस्कारमा दमाई जातिहरु परम्परागत बाजा बजाउँदै संस्कारलाई मनोरन्जनात्मक वनाएको ।



परम्परागत ताल समाएको एक उत्तरदाता



अध्ययन क्षेत्रको एक झलक



अध्ययन क्षेत्रमा परम्परागत सिपलाई निरन्तरता दिदै गरेको एक दृष्य



दमाई जातिले परम्परागत रुपमा बजाउंदै आएका दमाहा